# पाँचथर जिल्लमा प्रचलित लोककथाको संङ्कलन र वर्गीकरण

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र
सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको
नेपाली विषयको दशौं पत्रको
आंशिक प्रयोजनको लागि
प्रस्तुत

शोधार्थी
दुर्गा देवी पोखरेल
पाइभेट क्याम्पस
नेपाली विभाग
२०६८

# विषय सूची

पेज नं.

## परिच्छे- पहिलो


| | |
|---|---|
| १.शोधपरिचय | १ |
| १.१ शोधशीर्षक | १ |
| १.२ शोधको प्रयोजन | १ |
| १.३ विषय परिचय | १ |
| १.४ समस्या कथन | २ |
| १.५ शोधकार्यका उद्देश्यहरु | २ |
| १.६ पूर्वकार्यको समीक्षा | ३ |
| १.७ शोधकार्यको औचित्य | ४ |
| १.८ शोधकार्यको सीमाङ्कन | ५ |
| १.९ सामग्री संङ्कलन विधि | ५ |
| १.१० शोधपत्रको रुपरेखा | ५ |


## परिच्छेद-दोस्रो

## लोककथाको सैद्धान्तिक परिचय


| | |
|---|---|
| २.१ लोकसाहित्यको सामान्य परिचय | ६ |
| २.२ लोकसाहित्यको विद्यागत चिनारी | ७ |
| २.२.१ लोकगीत | ८ |
| २.२.२ लोकगाथा | ८ |
| २.२.३ लोककथा | ९ |
| २.२.४ लोकनाटक | १० |
| २.२.५ उखान | ११ |

२.२.६ टुक्का ११
२.२.७ गाउँखाने कथा १२
२.२.८ निष्कर्ष १२
२.३ लोकसाहित्यमा लोककथाको स्थान १३
२.४ लोककथाको परिभाषा १४
२.५ लोककथाको स्वरुप १५
२.६ लोककथाका विशेषता १८
२.६.१ अद्भूत एवम् रोमाञ्चकारी घटनाको तारतत्य १८
२.६.२ उपदेशात्मकता १९
२.६.३ मनोरञ्जनपूर्णता १९
२.६.४ सरलता एवम् सुगमता २०
२.६.५गतिशीलता २०
२.६.६ श्रुति, स्मृति र कथनपरम्परा २०
२.६.७ काल्पनिक परिवेश तथा पात्र संयोजन २०
२.६.८ सामूहिकताको अनिवार्यता २१
२.७ लोककथाका तत्व (उपकरण) २२
२.७.१ कथावस्तु/कथानक २२
२.७.२ पात्र/चरित्र २३
२.७.३ संवाद २४
२.७.४ परिवेश २४
२.७.५ भाषाशैली २५
२.७.६ सारवस्तु/उद्देश्य २५
२.७.७ शीर्षक २६
२.८ लोककथामा अभिप्राय २६
२.९ लोककथाका प्रकार २७
२.९.१ सामाजिक लोककथा २९

२.९.२ सन्देश वा अर्ती उपदेशमूलक लोककथा ३०
२.९.३ प्रेमपरक लोककथा ३०
२.९.४ साँस्कृतिक एवम् ऐतिहासिक लोककथा ३१
२.९.५ धार्मिक एवम् पौराणिक लोककथा ३१
२.९.६ हास्यव्यङ्गमूलक लोककथा ३२
२.९.७ मानवीय प्रवृत्तिमूलक लोककथा ३२
२.९.८ प्रकृति जगत सम्बन्धी लोककथा ३३
२.२.९ देव तथा अतिमानवीय लोककथा ३३

## तेसो परिच्छेद

३ पाँचथर जिल्लामा प्रचलित लोककथाहरुको सङ्कलन ३५
३.१ लोककथाको सङ्कलन परम्परा ३५
३.२. पाँचथर जिल्लामा प्रचलित लोककथाहरु ३६
३.२.१ सोक्पाको कथा ३६
३.२.२ अन्धाको भाग्य ३८
३.२.३ टुहुराको पनि अवश्य दिन फिर्छ ३९
३.२.४ राक्षसनी बूढीको कथा ४०
३.२.५ तर्साउने पाटीको कथा ४३
३.२.६ फूलौरा फल्ने रुखको कथा ४५
३.२.७ एक खुट्टे राक्षसको कथा ४७
३.२.८ लोभीनि सासू र खन्चुवा ज्वाईको कथा ४८
३.२.९ टुहुरी केटीको कथा ५०
३.२.१० चतुरे कान्छाको कथा ५२

## चौथो परिच्छेद

४.१ पाँचथर जिल्लामा प्रचलित लोककथाको वर्गीकरण ५५
४.१.१ विषयवस्तुका आधारमा ५५
४.१.१.१ सामाजिक लोककथा ५५

४.१.२.२ पशुपंक्षी तथा भूतप्रेत सम्बन्धी लोककथा ५५
४.१.१.३. नीति उपदेशाात्मक कथा ५६
४.१.१.४ हास्यविनोदसम्बनधी लोककथा ५६
४.१.१.५. भाग्यसम्बन्धी लोककथा ५७
४.१.१.६ पराक्रम सम्बन्धी लोककथा ५७
४.१.१.७ मानव प्रवृत्तिमूलक लोककथा ५७
४.१.२ उपकरणगत आधारमा ५८
४.१.२.१ घटनाप्रधान लोककथा ५८
४.१.२.२ चरित्रप्रधान लोककथा ५८
४.१.३ प्रभावगत आधारमा ५८
४.१.३.१ दुःखान्त लोककथा ५८
४.१.३.२ सुखान्त लोककथा ५९
४.१.४ प्रकारगत आधारमा ५९
४.१.४.१ शुद्ध लोककथा ५९
४.१.४.२. संवादात्मक लोककथा ५९
४.१.५ दृष्टिविन्दुका आधारमा ६०
४.१.५.१ प्रथम पुरुषषात्मक लोककथा ६०
४.१.५.२ तृतीय पुरुषात्मक लोककथा ६०
४.१.६ आयामका आधारमा ६०
४.१.६.१ लामा लोककथा ६०
४.१.६.२ मझौला लोककथा ६१
४.१.६.३ छोटा लोककथा ६१
४.२ संङ्कलित लोककथाहरुमा प्रयुक्त अभिप्राय ६१
**पाँचौ परिच्छेद** ६५
उपसंहार ६५
सन्दर्भग्रन्थ सूची ६८

# परिच्छेद- पहिलो

## १.शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "पाँचथर जिल्लामा प्रचलित लोककथाको सङ्कलन र वर्गीकरण" रहेको छ ।

### १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस स्नातकोत्तर तह नेपाली विषयको दसौ पत्रको आंशिक आवश्यकताको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

### १.३ विषय परिचय

लोककथा नेपाली लोकसाहित्यको एक महत्वपूर्ण विद्या हो । मानव विकास र भाषाको उत्पत्ति सँगसँगै यसको पनि उत्पत्ति भएको मानिन्छ । श्रुति परम्परामा हुर्कदै आएको लोककथाले सामाजिक जन जीवनमा आफ्नो महत्वपूर्ण स्थान ओगटेको छ ।

लोक जीवनका सुख दुःखका अनुभव र अनुभूतिलाई लोककथाले समेटेको हुन्छ । सामाजिक यथार्थता र काल्पनिकताले स्थान लिएको लोककथा मनोरञ्जनप्रदान गर्नुका साथै नैतिक औपदेशिक र व्यवहार परक हुने गर्दछ ।

ग्रामीण जनजीवन, लोकका अनुभव लोकमानसका अनुभूतिलाई लोककथाले चित्रण गरेका हुन्छन् । पाँचथर जिल्लाका लोककथाहरुले पूर्वेली ग्रामीण परिवेश, रहनसहन, भेषभूष र जनजीवनका व्यवहारपरक पक्षहरुलाई समेटेका छन् । पाँचथर जिल्लाका लोककथाले पूर्वेली ग्रामीण परिवेश, रीति र चालचलनको झल्को प्रदान गर्नुको साथै त्यहाँको सभ्यता र संस्कृतिको परिचय दिएका छन् । यसका साथै भाषिक व्यवस्थाका साथै भौगोलिक परिवेश र सांस्कृतिक पक्षहरुलाई पनि समेटेका छन् ।

**१.४ समस्या कथन**

नेपाली लोकसाहित्यको प्रमुख विद्या मध्ये एक पर्ने लोककथाले नेपाली लोकसाहित्यलाई स्वस्थ्य, पूर्ण र जीवन्त तुल्याएको छ तसर्थ लोककथाको संरक्षण सम्वर्द्धनका लागि राष्ट्रका हरेक स्थानबाट अध्ययन, अनुसन्धान एवम् सङ्कलन गरिनु आवश्यक देखिएको छ ।

पाँचथर जिल्ला लोकसाहित्यका क्षेत्रमा निकै समृद्ध र विकसित जिल्ला हो । पूर्वेली लोकसाहित्यका केही विद्यालयहरुमा अनुसन्धानहरुले कलम चलाएका भए पनि पाँचथर जिल्लाका लोककथाको बारेमा विस्तृत शोध भएको पाइदैन् । यस जिल्ला विभिन्न धर्म, संस्कृति, रीतिरिवाज, रुढिवादी, परम्परा, अन्धविश्वास, धामिझाक्री, बोक्सी, भूतप्रेत आदि कुरामा विश्वास राख्ने विभिन्न जातजातिहरुको आश्रय थलो हो । यस जिल्लाको लोकजीवन बेलाबखतमा अभिव्यक्त हुँदै आएका विभिन्न किंवदन्ती, जनमुक्ति एवम् रोचक कहानीहरुले गर्दा नेपाली लोकसाहित्यको लागि यस जिल्लालाई पनि लिन सकिन्छ । पाँचथर जिल्ला लोकसाहित्यका लागि प्रसिद्ध भएर पनि अहिलेसम्म यस क्षेत्रमा प्रचलित लोक कथाको बारेमा अध्ययन अनुसन्धान र सङ्कलन नहुनु नै यस शोधकार्यका समस्या हुन् । जसलाई निम्नानुसार बुँदागत रुपमा औल्याउन सकिन्छ ।

क) लोककथाको सामान्य सैद्धान्तिक परिचय के कस्तो रहेको छ ?

ख) पाँचथर जिल्लामा के कस्ता लोककथाहरु प्रचलनमा छन् ?

ग) पाँचथर जिल्लामा प्रचलित लोककथाहरुको वर्गीकरण कुन आधारमा गर्न सकिन्छ ?

**१.५ शोधकार्यका उद्देश्यहरु**

पूर्वेली लोकसाहित्यमा लोककथाको महत्वपूर्ण स्थान रहेको छ । पाँचथर जिल्लामा प्रचलित लोकसाहित्यहरुको बारेमा कुनै शोधकार्य नभएको हुनाले त्यस क्षेत्रका लोककथाहरुको सङ्कलन र वर्गीकरण गर्ने प्रमुख उद्देश्य प्रस्तुत शोधकार्य को रहेको छ । जसलाई बुँदागत रुपमा निम्नानुसार देखाउन सकिन्छ ।

क) लोककथाको सामान्य सैद्धान्तिक परिचय दिनु

ख) पाँचथर जिल्लामा प्रचलित लोककथाको सङ्कलन गर्नु,

ग) पाँचथर जिल्लामा प्रचलित लोककथाको वर्गीकरण गर्नु, यिनै उद्देश्यहरुमा केन्द्रित रहेर प्रस्तुत शोधकार्यको अध्ययन पूरा गरिएको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

लोकसाहित्यका क्षेत्रमा विभिन्न विद्धानहरुले विद्यागत अध्ययन अनुसन्धान गर्दै आएका छन् । त्यसैगरी लोककथाका क्षेत्रमा केन्द्रित रहेर पनि विशेषरुपमा पाँचथर जिल्लामा प्रचलनमा रहेका लोककथाहरुको संकलन र वर्गीकरण हुन सकेको छैन यस शोधकार्य अघि लोककथा सम्बन्धी क्षेत्रमा भएका अध्ययनको विवरण सङ्क्षिप्त रुपमा यसरी देखाउन सकिन्छ ।

१.पासाङ गोपालले 'बुहारी लोककथा सङ्ग्रह (२०२४)' मा विभिन्न ८ वटा लोककथाहरुको सङ्कलन गरेका छन् तर तिनको स्थानगत परिचयभ ने दिइएको छैन ।

२. लीला सिंह कर्माले 'हाम्रो लोकथा । (२०३८)' पुस्तकमा विविध लोककथाहरुको सङ्कलन गरेका छन् तर तिनमा पाँचथर जिल्लाका लोककथालाई भिन्न रुपमा छुट्याइएको छैन् ।

३. राजेन्द्र सुवेदी र धरणी गौतमले 'मेची अञ्चलका लोककथाहरुको संङ्कलन, वर्गकिरण र विश्लेषण ।' (२०३८) मा मेची अञ्चलका लोककथाहरुको संङ्कलन भनिए पनि पाँचथर जिल्लाका लोककथाहरु बेग्लै संङ्कलन गरिएको छैन् ।

४. धर्मराज थापा र हंसपुरे सुवेदीको 'नेपाली लोकसाहित्यको विवेचना' । (२०४१) मा लोककथाको सैद्धान्तिक चर्चा, वर्गीकरण र विश्लेषण गरिएको छ । यस कृतिमा पनि क्षेत्रगत आधारमा लोककथाको संङ्कलन र वर्गीकरण गरिएको छैन् ।

५.करुणाकर बैधको अञ्चल लोककथा सङ्ग्रह (२०४३) मा विभिन्न अञ्चल लोककथाहरुको संङ्कलन गरिएको भए पनि त्यसमा पाँचथर जिल्लमा प्रचलित लोककथाहरु समेटिएका छैनन् ।

६.शम्भुप्रसाद कोइरालाले 'लोकसाहित्य सिद्धान्त र विश्लेषण' (२०५६) मा लोकसाहित्यको विद्यागत वर्गीकरण गर्दै लोककथाको पनि चर्चा गरेका हुन् । तर यस कृतिमा पनि क्षेत्रगत आधारमा सङ्कलन गरिएको छैन् ।

७. चूडामणि बन्धुले 'नेपाली लोकसाहित्य' (२०५८) लोककथाको सामान्य रुपमा सैद्धान्तिक चर्चा गरिए पनि विस्तृत रुपमा लोककथाको चर्चा गरिएको छैन ।

८. तुलसी दिवसको 'नेपाली लोककथा' (२०६२) मा लोककथाको सैद्धान्तिक चर्चाका साथै अधिराज्य भरबाट सङ्कलित लोककथा रहेका छन् तर विशेष रुपमा पाँचथर जिल्लालाई मात्र समेटेर लोककाथाको संङ्कलन भएको छैन ।

९. मोहनराज शर्मा र खगेन्द्र लुइटेलको 'लोकवार्ता विज्ञान र लोकसाहित्य' २०६३ मा लोकसाहित्यको सैद्धान्तिक चर्चा गरिदैं लोककथाको पनि परिचय प्रस्तुत गरिएको छ । यसका लोककथाका उदाहरणका रुपमा केही लोककथा उल्लेख गरिएका छन् ।

यसबाहेक विभिन्न शोधार्थीहरुले समेत शोधपत्र तयार पार्ने क्रममा लोकसाहित्यका क्षेत्रमा अध्ययन अनुसन्धान गरेका भएपनि पाँचथर जिल्लाका लोककथाहरुको सङ्कलन र वर्गीकरण गर्ने कार्य नभएकोले यो शोधकार्य अपरिहार्य छ ।

## १.७ शोधकार्यको औचित्य

पाँचथर जिल्लामा प्रचलित लोककथाहरुको सङ्कलन, वर्गीकरण र विश्लेषणका लागि गरिएको प्रस्तुत शोधकार्यले पूर्वेली जनजीवन, परिवेश त्यस क्षेत्रका सामाजिक, साँस्कृतिक जस्ता विविध पक्षहरुको चित्रण गर्ने प्रयास गरेको छ । त्यसैले लोकसाहित्य अन्तर्गत लोककथाका क्षेत्रमा रुचि राख्ने पूर्वेली जनजीवन र संस्कृति थाहा पाउन चाहने सबैलाई प्रस्तुत शोध कार्यले सहयोग पुऱ्याउने छ । यसका साथै नेपाली लोककथाका क्षेत्रमाअध्ययन अनुसन्धान गर्न चाहनेहरुका लागि समेत प्रस्तुत शोधकार्यले सहयोग पुऱ्याउने हुनाले यसको औचित्य स्वत : स्पष्ट भएको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य पाँचथर जिल्लामा प्रचलित लोककथासँग सम्बन्धीत छ । पाँचथर जिल्लामा प्रचलित केही प्रतिनिधि लोककथालाई सङ्कलन गरिएको छ । यसको विषयगत सीमा लोककथा हो भने क्षेत्रगत सीमा पाँचथर जिल्लाका मातृभाषा नेपाली हुने स्थलहरु प्राय :पर्दछन् ।

## १.९ सामग्री संङ्कलन विधि

प्रस्तुत शोधकार्यमा सामग्री संङ्कलन गर्न क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय विधिलाई लिइएको छ । जस अन्तर्गत पाँचथर जिल्लाका विशिष्ट व्यक्तिहरुसँग भेटघाट र अन्तर्वार्तालाई प्रमुख आधार बनाइएको छ । प्राप्त सामग्रीलाई पुस्तकालयीय अध्ययन समेतको सहयोगले लोककथाको सौद्धान्तिक साङ्गठनिक ढाँचामा राखिएको छ र वर्गीकरण गरिएको छ ।

## १.१० शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित ढङ्गबाट पूरा गर्न सजिलो होस भन्नका लागि विभिन्न परिच्छेदमा विभाजन गरिएको छ । ती निम्नानुसारका छन् -

# परिच्छेद-दोस्रो

# लोककथाको सैद्धान्तिक परिचय

## २.१ लोकसाहित्यको सामान्य परिचय

लोककथाको वास्तविक परिचय थाहा पाउन लोकसाहित्यसम्म पुग्नु पर्ने हुन्छ । यसको कारण लोककथा भनेकै लोकसाहित्यको एउटा विद्या हो । वास्तवमा लोकसाहित्यको परिचय प्राप्त गरी सकेपछि मात्र लोककथाका सैद्धान्तिक परिचय थाहा पाउन सजिलो हुन्छ । त्यसकारण यहाँ लोकसाहित्यलाई विभिन्न कोणबाट अर्थ्याउने क्रममा लोकसाहित्यका नेपाली तथा भारतीय विद्वानहरुले दिएका परिभाषाहरुलाई उल्लेख गर्नु सान्दर्भिक हुन्छ ।

लोकसाहित्यका सन्दर्भमा डा.सत्येन्दको भनाइ अनुसार "लोकसाहित्य अन्तर्गत त्यस्तो सम्पूर्ण बोली वा भाषागत अभिव्यक्ति आउँछ जसमा आदिम मानवका अवशेष उपलब्ध होऊन् जसमा परम्परागत मौखिक क्रमद्वारा उपलब्ध बोली वा भाषागत अभिव्यक्ति होस् जसलाई कृति नभनियोस्, श्रुति नै मानियोस त्यो लोकमानसका सामान्य तत्वले युक्त होस् अनि कुनै व्यक्तित्वका साथ सम्बद्ध रहेर पनि लोकले यसलाई आफ्नै व्यक्तित्वको कृति स्वीकार गरोस् (पन्थी, २०६०: छ)

डा. कृष्णदेव उपाध्यायको विचारमा "सभ्यताको प्रभावबाट टाढा रहने आफ्ना सहज अवस्था वर्तमान निरक्षर जनताका आशा, निराशा, हर्ष, विस्मात, जीवन-मरण, लाभहानी, सुख दुःख आदिको अभिव्यञ्जना जुन साहित्यमा प्राप्त हुन्छ, त्यसैलाई लोकसाहित्य भनिन्छ । (पन्थी, २०६० :छ)

त्यसैगरी लोकसाहित्य सम्बन्धी नेपाली विद्वानहरुले पनि आ-आफ्ना धारणा व्यक्त गरेका छन् । यसक्रममा चूडामणि बन्धुले लोकसाहित्यको परिभाषा दिने क्रममा योगीनरहरिनाथको परिभाषा उद्धृत गर्दै लेखेका छन् । "लोकव्यवहारमा लोकहितका निम्ति लोकभाषामा, लोकविचारलाई प्रवाहमय शैलीमा लोकले प्रस्तुत गर्ने साहित्यलाई लोकसाहित्य भनिन्छ (बन्धु, २०५८:२८४) ।

त्यसैगरी नेपाली लोकसाहित्यका अध्येता तुलसी दिवसले "लेखन कलादेखि अनभिज्ञ साधारण लोकका बौद्धिक प्रयत्नबाट प्रस्फुटित भाषागत अभिव्यक्तिहरु लोकगीत, लोकनाटक,

लोककथा, लोकगाथाको समष्टि रुपलाई नै लोकसाहित्य भनेका छन् (दिवस, तुलसी, २०३३:४) ।

नेपाली लोकसाहित्यका धरोहर मानिने धर्मराज थापा र हंशपुरे सुवेदीले लोकसाहित्यको स्वरुपलाई यसरी चिनाएका छन् "लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाष र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षक मौखिक साहित्य नै लोकसाहित्य हो (थापा र सुवेदी,२०४१:३) ।

त्यसैगरी संस्कृतिविद् सत्यमोहन जोशीका अनुसार "वास्तवमा लोकसाहित्य त्यो साहित्य हो जसमा नेपालीहरुको विशुद्ध लोकसंस्कृति छ, उन्नतकला छ, आफ्नोपनाको शैली छ, अझ यस नेपाली लोकसाहित्यमा सत्यम्, शिवम् सुन्दरमको रुपमा नेपाली नृत्य, नेपाली सङ्गीत र नेपाली कविता पनि छ । सबै नेपाली छन्द, नेपाली लय, नेपाली ताल, नेपाली सूर र नेपाली भावमा ढालिएका छन् ।

उपयुक्त परिभाषाको आधारमा के भन्न सकिन्छ भने लोकसाहित्यलोकको त्रुटि स्मृति र कथन परम्परा हुर्केको एउटा शाश्वत र जाज्वल्यमान साहित्य हो । यो कसैको एकलोरी सम्पत्ति नभएर लोककै साझा धरीहर हो । हरेक मुलुकको हरेक स्थान र हरेक जनसमुदायबाट जीवनका तीता, मीठा, अनुभव, सुख-दुःखका सुसेली र संस्कारमा साँथिएर विकसित हुँदै लोकसाहित्यको सिर्जना हुन्छ । यसमा लोकजीवनका हाँसो रोदन, आशा निराशा, कथाव्यथा र दुःख सुखका भावना तथा जीवनभएका अभिव्यक्तिहरु मौखिक परम्परामा आबद्ध भई स्वतस्फूर्त रुपमा मुखरित हुँदै आएको हुन्छन् ।

## २.२ लोकसाहित्यको विद्यागत चिनारी

लोकसाहित्यमा साहित्यका सम्पूर्ण विद्याहरुको बीज वा स्वरुप फेला पार्न सकिन्छ । लौकिक संस्कार वा परिवेशमा रङ्गिएर झागिदै जानेक्रममा विभिन्न विद्या उपविधा विभाजित हुन पुग्दछन् । निरक्षर ग्रामीण जनताका जन्मदेखि मृत्युसम्मका विभिन्न संस्कार, पर्व, उत्सव, श्रदक महिना आदिमा गीत सङ्गीतद्वारा मनोरञ्जन प्राप्त गर्दछन् । तर शिष्ट साहित्यमा जस्तो विद्या निर्धारण गर्ने आधारहरुलाई लोक साहित्यमा त्यति स्पष्ट भएको पाइदैन ।

विभिन्न विद्वानहरुले लोकसाहित्यका विद्याहरुलाई भिन्न-भिन्न विषयवस्तुका आधारमा वर्गीकरण गरेका छन् तर प्रायशः विद्वानहरुले गरेका वर्गीकरण एक अर्कामा सामीप्यभाव राख्ने खालकै पाइन्छ । नेपाली लोकसाहित्यका मुख्यतया ७ प्रकार रहेका छन् ती यस प्रकार रहेका छन् ।

### २.२.१ लोकगीत

लोकगीत नेपाली लोकसाहित्यको एक महत्वपूर्ण विद्या हो । गेय र श्रव्य परम्परामा आधारित लोकगीतमा गीतिमयता, हार्दिकता र सिंग्रो मानव जीवनको भेटिन्छ । लोकगीतले अभिधात्मक लाक्षणिक र व्यङ्ग्यात्मक सबै अर्थ दिने हुँदा बढी चामत्कारिक र लोकग्राहय पनि हुन्छ । निरक्षर, असभ्य र गाउँले एवम् शिक्षित सबै रसिकजनले सजिलै बढ्दै गइरहेको छ । मानव ह्हृदयका विविध रामात्मक मनोभाव, मानवीय सभ्यता र संस्कृतिका विशेषता बोकेर लोकगीतका रुपमा प्रस्तुत हुन्छ । व्यक्ति र सामाजिक जीवनका घात-प्रतिशत भएपछि ती लोकगीतका रुपमा कुँदिन्छन (पन्थी, २०६० :२२) हाँसो, ठट्टा, सुख दुःख, मिलन  बिछोड, प्रेम आदि थुपै भाव यसमा व्यक्त गर्न सकिने र श्रृङ्गारिक एवम् हार्दिक संवेधताका कारण यो अझ बढी आस्वाध र श्रुतिप्रिय बन्दछ ।

### २.२.२ लोकगाथा

लोकगाथा परम्परादेखि मौखिक रुपमा हस्तान्तरिक हुँदै आएको वर्णनात्मक तथा आख्यानात्मक गीत हो यसमा आख्यान तथा कथात्मक हुने हुँदा यसलाई आख्यान गीत पनि भन्ने गरेको पाइन्छ । कुन पनि ऋतु, चाडपर्व, उत्सव तथा माङ्गलिक अवसरमा परम्परागत रुपमा चलेका पवित्र गाथाहरु सामूहिक स्वरमा गाउने चलन नेपालमा धेरै जसो ठाउँमा अधवधि कायमै छ । कुनै पनि नयाँ कार्यको प्रकृति अनुसार गाथा गाउने चलन छ । जस्तो दशौमा मालसिरी, तीजमा गाउँने संङ्गिनीगाथा, तिहारमा गाइने मारुनी, सोरठी गाथा, धार्मिक तथा संस्कृतिक पर्वहरुमा गाइने रामायण, महाभारत, कृष्ण चरित्र आदिमा आधारित धार्मिकगाथा, साहसिक वीरगाथा धामि-झाक्री बस्दा गाइने तान्त्रिक गाथा, जन्मोत्सव, न्वारन, बतबन्ध, विवाह, आदिमा गाइने माङ्गलिक गाथाहरुले लोकगाथाको महत्वलाई अझ

स्पष्ट पार्दछन ऋदग्वेदका अनुसार यज्ञ गर्दा गाइने गीतलाई गाथा र गाउने व्यक्तिलाई गाथिन् भनिएको छ । प्रकृतीमा पनि गीतलाई गाथा भनिएको छ र 'विष्णुपुराण' 'अमरकोश' आदिमा पनि गाथा शब्दको प्रयोग भएको पाइन्छ (बन्धु, २०५८ :१९६) । पाश्चात्य मुलुकहरुले ब्यालेड तथा फोक इपिक आदि नामले यसको प्रयोग गर्दछन् ।

लोकसाहित्यको पुस्त्यौली पूजीको रुपमा विभिन्न अवसरमा गाइदै आएका आस्थाहरु कार्यको प्रकृतिअनुसार अनेक स्वरुपमा भए पनि मोटामोटी रुपमा भक्ति, वीर, करुणा, गाथा गरी मुख्यतया तीन प्रकारमा विभाजन गरिएको छ (थापा र सुवेदी, २०४१ :२३२) । त्यस्तै अर्को विभाजन अनुसार पौराणिक, रोमाञ्चक वा काल्पिनिक प्रेमगाथा ऐतिहासिक तथा सामाजिक गाथा आदि रुपमा विभाजन गरिएको पाइन्छ । यसरी पुस्तौ पुस्तादेखि मौखिक रुपमा चल्दै आउने यी गाथाहरुमा समयको प्रवाह अनुसार भाषा र भावनाको प्रभाव पनि अप्रत्यक्षरुपले परेको हुन्छ । कालान्तरमा आइपुग्दा गाथामा अवश्य केही परिवर्तित र परिष्कृत रुप देखापर्दछन् । गाथामा गएका साथै नृत्य मनयता, अज्ञात रचनाकार तथा मौखिक परम्परा, सरल, सहज र सङ्क्षिरता, घटनाको सशक्तिकरण प्रस्तुति, गौरवमयता, स्थानीय निर्देशन आदि विशेषताहरु निहित हुन्छन् (बन्धु, २०५८ :२०२) ।

## २.२.३ लोककथा

'लोककथा' लोकसाहित्यका विविध विद्यामध्ये लोकगीत पहिलो महत्वपूर्ण विद्या हो । लोककथाले लोकसाहित्यको एक ठूलो हिस्साको प्रतिनिधित्व गरेको हुन्छ । लोकसमुदायले सहज एवम् स्वाभाविक रुपमा अङ्गीकार गरेका काल्पनिक शिक्षाप्रद र मनोरञ्जनपूर्ण गधात्मक मौखिक आख्यानलाई लोककथा भनिन्छ । यसलाई लोककथा, कथा, दन्त्यकथा आदि विभिन्न शब्दले चिनिन्छ । लोककथा निकै प्राचीन आख्यानयुक्त गद्य विद्या हो । श्रुति स्मृति गतिशील र जीवायमान हुने भएकोले लोककथा युगौं युगको अनन्त साहित्यिक धरधिर मानिन्छ । लोककथाको कथ्य श्रव्य मझेरीमा वा अँगेनाको डिलमा बसेर बालक देखि वृद्धसम्मका मान्छेहरु कथा कनेर तथा सुनेर आनन्द लिने गर्दछन् । यसरी भनिने, सुनिने लोककथाहरुले प्रशस्त मनोरञ्जन दिनुका साथै नैतिक, धार्मिक, सामाजिक आदि सन्देश र शिक्षा दिन्छन् । लोककथामा अनेकौ किसिमका मानवीय पात्रहरुका अतिरिक्त मानवेत्तर पात्रहरुमा स्थान, खरायो, हात्ती, बाज, गाई, आदिदेखि लिएर प्रसिद्ध राजारानी, राजकुमार

एवम् प्राकृतिक शक्तिहरु मेघ, सूर्य चन्द्रमा, जल, वृक्ष, पशु, पक्षी, अग्नि, नदी, पहाड आदिसँग सम्बन्धित विषयलाई जोडिएको हुन्छ । यस्ता कथाहरुमा अचेतन जड पदार्थ, पहाड, नदी, रुख, लहरा आदि बोल्दछन् भने पशु- पंक्षी र मानवले मीत लगाउँछन् । देव-दानव भूत प्रेत पिश्चातहरु मान्छे जस्तै व्यवहार गर्दछन् र एक अर्कामा भावनाहरु एवम् अनुभूति साटासाट गर्दछन् । लोककथामा जीवनको यथार्थता भन्दा कल्पनाको मात्रा प्रचुर हुने भएकाले मानव हृदयलाई पनि चाँडो छुने र कथा सुन्नासाथ श्रोतालाई मन्त्रमुग्ध पार्ने गर्दछ (पन्थी, २०६०:२३) । लोककथाहरु एकादेशमा वा परापूर्वकालमा अथवा धेरै पहिलेको कुरा हो आदिबाट सुरु गरी सुन्नेलाई सुनको माला..... यो कथा बैकुण्ठ जाला भनी टुङ्ग्याइने पाइन्छ ।

### २.२.४ लोकनाटक

लोकनाटक पनि लोकसाहित्य अन्तर्गतको अतिप्राचीन एवम् महत्वपूर्ण विद्या हो । लोकनाटक पनि लोकपरम्परा संस्कार र रुढी परम्परामा आधारित हुन्छ । लोकमानसभा अन्ततर्निहित सुख दुःखका भावहरुलाई अभिनयात्मक कलाद्वारा प्रस्तुत गरिने अभिव्यक्ति लोकनाटक हो । लोकनाटक गीत, नृत्य र सङ्गीतको त्रिवेणीको माध्यमले भावनारुप आङ्गिक संयोजनपूर्व मनोरञ्जन पूर्ण तवरमा अभिव्यक्त हुन्छ । लोकनाटकमा ऐतिहासिक, पौराणिक र सामाजिक जनजीवनको यथार्थता पाइन्छ भने आमा बाबु, दाजुभाइ, कुल कुटुम्ब, इष्टमित्र, नातागोता र छरछिमेकी सितको सम्बन्धको चित्रण खराब आचरण र कुसंस्कारजन्य विकृतिको विरोध, सम्पन्नता विपन्नता, संयोग वियोग र सुख दुःख आदिको प्रतिविम्ब समेत पाइन्छ ।

पाँचथर जिल्लामा प्रचलित लोकनाटकहरुमा रामनवमीको बेलामा देखाइने रामलीला जन्माष्टमीको कृष्णलीला, तिहारमा खेलिने मारुनी तथा देउसी एवम् सोरठी आदि र घरायसी उत्सवका समयमा खेलिने बालुन सङ्गिनी तथा विवाहका समयमा खेलिने रत्यौली आदि प्रसिद्ध लोकनाटकहरु हुन् । रामलीला, कृष्णलीला आदि खाजसज्जायुक्त मञ्चमा प्रदर्शन गरिन्छन् भने बालुन, रत्यौली, सङ्गिगनी आदि घर आँगन मझेरीमा लिपपोत गरी प्रस्तुत गरिन्छ ।

### २.२.५ उखान

परम्परादेखि लोकजीवनको सार तथा उक्ति वैचित्रयका रुपमा जीविदै रहँदै अथवा लोकले मान्यता दिएका ठूला बडा भलाद्मीहरुका उक्ति (भनाइ) हरुनै विस्तारै उखान बन्न पुगेका हुन् । जीवनक्रममा आइपर्ने हरेक चलनचाँजो मिलाउनका निम्ति भाषाका विभिन्शब्दहरु निर्मित भएकाले पुरानो समानदेखि नै अनुभव र ज्ञानको आधारमा उखान को निर्माण र प्रयोग हुँदै आएको हो । (थापा र सुवेदी २०४१ :४१२) यसलाई छोटकरीमा भन्दा 'वाक्य र वाक्यखण्डको रुपमा निर्मित त्यस किसिमका सूत्रात्मक उतिलाई लोकोक्रि वा उखान भनिन्छ । जसद्वारा अनुभव रो निखार निरन्तर रुपमा प्रस्फुटन हुन्छ (पन्थी, २०६०:२४) बूढापाका व्यक्तिहरुका अनुभवसिद्ध उक्ति वा सारकथानका रुपमा प्रयोग गरिने अभिधा तथा व्यञ्जनामूलक त्यस्ता कुराले भाषालाई प्रभावकारी ओजस्वी अर्थगाम्कीर्य र तीक्ष्णता प्रदान गर्दछन् । यसका साथै उखानले भाषिक व्यवस्थामा प्रयोग भएर लोकसमाजमा रीतिस्थिति रहनसहन विश्वास, दृष्टि र छविलाई प्रष्ट्याउने काम गर्दछन् । भाषिक रङ्गरोगनमा रङ्गिएर मैलिकताको बान्की दिँदै प्रयुक्त हुने उखानले पाँचथर जिल्लका लोकजीवनमा पनि प्रशस्त प्रभाव पारेको छ । जीवनयात्रा भोग्दै आउने क्रममा यहाँका भाषिक वक्ताले सँगालेका ती तामीठा अनुभवलाई उखाननको रुपमा प्रयोग गर्दैं आएको पाइन्छ ।

### २.२.६ टुक्का

साधारण अर्थभन्दा भिन्न र विलक्षण अर्थमा रुढ भई विशेष अर्थ बुझाउने पद, पदसमूह, वाक्यांशलाई टुक्का भनिन्छ (थापा र सुवेदी, २०४१ :४१५) क्रियासँग मिलेर चामत्कारिक अर्थ प्रदान गर्ने काम टुक्काले गर्दछ । स्वतन्त्र अर्थ तथा वाच्चार्वाभन्दा भिन्न रही लक्ष्यार्थ प्रस्तुत गर्नु यसको प्रमुख कार्य हो । टुक्कालाई तुक्का वाक्यपद्धति वाग्धारा आदि नामले समेत पुकारिन्छ । हिन्दी र अरु बीमा मुहावरा तथा अङ्ग्रेजीमा इडियम्स भनिन्छ । टुक्का भाषाको जीवनशक्ति हो , यसले भाषामा कसिलोपन ल्याउँछ रोचकता बढाउँछ र सजीवता प्रदान गर्ने काम गर्दछ ।

### २.२.७ गाउँखाने कथा

'गाउँ खाने कथा' लोकसाहित्यको मनोरञ्जनपूर्ण बौद्धिक र प्रविकात्मक विद्या हो । यो केटा केटी देखि लिएर किशोर र बूढाबूढीको समेत जिब्रोमा झुण्डिएर रहेको हुन्छ । यसलाई याँगा पनि भन्ने गरिन्छ भने कतै कतै अड्को , सास्तर साइतर आदि नामले पनि पुकारेको पाइन्छ । गाउँखाने कथाभन्दा केटाकेटी र किशोर किशोरीहरु जम्मा भएको समूहमा एउटाले भन्छ अरुले सुन्छन् । एउटा समूहका व्यक्तिले राखेको प्रश्न (अड्को) को उत्तर अर्को समूहले दिनुपर्छ । उत्तर दिन नसकेमा त्यस समूहले हारेको ठहरिन्छ र उत्तर पाउन जित्नेलाई गाउँ दिनुपर्छ अनि मात्र उत्तर पाइन्छ । त्यसैले यसलाई गाउँखाने कथा भनिसकेको हो । यसरी गाउँ जित्ने अथवा गाउँखाने भएकाले नै यसलाई गाउँखाने कथा भनिएको हो (बन्धु, २०५८:३११) प्रतीकात्मक अर्थात कूट कथनका कारण यो बढी विनोदप्रिय रोचक र कूतुहलपूर्ण बन्दछ । कुनै पनि नाकाबाट फुर्सद भएको बेला विशेष गरी साँझको साथमा मझेरीमा होस् वा अगेन्यको डिलमा बसेर मनोरञ्जन गर्ने, वुद्धि तिखार्ने र बसिबियालो गर्ने सामग्रीका रुपमा यसको उपयोग गर्ने गरेको पाइन्छ । लोकजीवनको सामाजिक, सँस्कृतिक रहनसहन, भाषा, भेषभूषा आदिको प्रतिबिम्ब र बौद्धिक कुशलता गाउँखाने कथामा प्रशस्त देख्न पाइन्छ । छोटो छरितो विद्यान, खिरिलोपना र बौद्धिक चमत्कार पूर्ण प्रतीकात्मक अभिव्यक्ति आदि यसका मूलभूत विशेषता हुन् ।

गाउँखाने कथामा कथा भनेझैं वास्तिविक कथानक हुँदैन् । यसमा ज्यादै क्षीण कथावस्तु हुन्छ । कथाको विषयवस्तु नगन्य  भए पनि यसको विश्व ब्रमाण्डका सम्पूर्ण पदार्थ, जीव, देव, दानव, नदी, पहाड, ऋतृ, मास, मेघ अन्तिरिक्ष, नक्षत्र, ग्रह, पशुपक्षी, मानव धर्मसंस्कार आदि विषयहरु  लाई विषयवस्तुको स्रोत बनाई रचना गरेको हुन्छ । यिनै लोकसाहित्यका विभिन्न विद्याहरुलाई केही उपविद्याहरुमा वर्गीकरण गरी समीक्षकहरुले अध्ययन पनि गरेका छन् ।

### २.२.८ निष्कर्ष

लोकसाहित्यमा लोकजीवनका समग्र पक्ष कथा-व्यथा, संयोग, वियोग, हर्ष विष्मात शोषण दमन आदि सहज र स्वाभाविक रुपमा अभिव्यक्त भएका हुन्छन् । लोकमानसको सिङ्गो तस्वीर यसमा अटाएको हुन्छ । लोकको जीवनशैली, संस्कार र मूल्य मान्यता नै

लोकसाहित्यका विषयवस्तु हुन् । लोकले आफ्ना भावना, विचार, संस्कार, प्रचलन र रीतिरिवाजहरु विभिन्न समयमा विभिन्न तरिकावाट व्यक्त गर्ने क्रममा विभिन्न ढाँचामा लोकसाहित्यका विधाहरु उत्पन्न भएका हुन् । आकारप्रकार र आयतनमा फर-फरक देखापरे पनि सबैको  निश्चित आधार भनेको लोकजीवन नै हो । लोकजीवनको सम्पूर्ण गतिविधि, स्वरुप कलात्मक, अभिव्यक्ति र भावनाहरुलाई समेटेर श्रृति-स्मृति परम्पराद्वारा शाश्वत रुपमा स्वयंम प्रकाश हुनु लोकसाहित्यको मूलभूत विशेषता हो । लोकसाहित्यले मानिसका पुस्तै पुस्तादेखिका ज्ञान, उपदेश, शिक्षा आदिलाई समेटेको हुन्छ । यो मनोरञ्जनको साधन मात्र नभएर आफ्ना मनमा उठेका मार्मिक पीडालाई बिर्साउने र अर्काको पीडालाई बोध गर्ने माध्यम पनि हो । लेख्य साहित्यले झैं बालसाहित्यले पनि लोकसाहित्यलाई सत्‌शिषा दिने प्रयास गरेको हुन्छ । लोकजीवनमा प्रत्यक्ष प्रभावकारीतालाई र करुणापूर्व स्थितिमा मनलाई संयमित गराउने भएकोले नै यसको विशेष महत्व रहेको देखिन्छ ।

### २.३ लोकसाहित्यमा लोककथाको स्थान

लोकसाहित्यका विभिन्न विधाहरुले लोकजीवनका धारणा, गतिविधि र अनुभवका अभिव्यक्तिहरुलाई आ-आफ्नै शैली र रुपबाट प्रकट गर्दछन् । लोक साहित्य अर्न्तगतका लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखान टुक्का तथा गाँखाने कथा आदि लोकमानसको फूलबारीमा हुर्के बढेका र झाँगिएका विधाहरु हुन् । यो विभिन्न विधाहरुले आ-आफ्नै रुपबाट मूल फुटाएर लोकसाहित्यलाई सधैं उर्वर जास्वल्यमान तुल्याएका छन् ।

लोककथा लोकसाहित्यका विभिन्न विधामध्ये अत्यन्त महत्वपूर्ण विधा हो । लोककथा श्रृति-स्मृति कथन परम्परा हुँदै लोकजीवनमा हुर्के बढेको र मौलाएको विधा हो । लोकसाहित्यकै मूल मर्म र ढुकढुकी फेला पर्ने मुख्य विधा भनेकै लोककथा हो जसमा आफ्नैपनको आकर्षण सौर्न्दय र माधुर्य हुन्छ । अन्य विद्याहरुको भन्दा लोकसाहित्यको आयतन केही फराकीलो र लामो हुन्छ । लोककथा, लोकगति जस्तो जुनसुकै  स्थान बेला र उकल अवस्थामा भन्ने विषय होइन्  । यसलाई भन्न वा सुनाउनको लागि निश्चित स्थान समय र समूहको आवश्यकता पर्दछ । विशेषतया लोककथा बेलुकी अथाृत रातको पहिलो प्रहरमा घरको दलान, मझेरी, पिँढी, आगन, वरिपरि, आँगनको डिलमा बसेर अथवा

ओछ्यानमा पल्टेरै पनि भनिने र सुन्ने प्रचलन रहेको विषय हो भने कहिलेकाहीँ सभा, बैठक, सेमिनार एवम् कक्षाकोठामा समेत आवश्यकता अनुसार सहभागीहरुलाई उत्पेरित र ध्यानाकर्षण गर्नका लागि यो भन्ने सुन्ने चलनमा आएको छ । लोककथाले बूढाबुढी, युवायुवती तथा बालबालिकाहरुलाई मनोरञ्जन प्रदान गर्दछ भने केटाकेटीहरुले नैतिक सन्देश, चरित्र निमाृण, चेतनाप्रवाह र उपदेशात्मक शिषा प्रदान गर्न सहायक सिद्ध भएको छ । फुर्सदको समयलाई उपयोग गर्न, मानसिक सन्ताप हटाई आत्मसन्तुष्टि लिन र अभिव्यक्ति कला अभिवृद्धि गर्न समेत लोककथा सहयोगी बनेको छ । यसमा वर्णित परिवेश र चरित्र चित्रणले व्यक्ति विशेषको मनलाई आकर्षित गरी कार्य क्षमतामा वृद्धि गराउँछ । लोककथालाई व्यापक रुपमा खोज अनुसन्धान एवम् सङ्कलन गरी सर्वत्र सुलभ गराउन सके यसको लोकप्रियता निकै बढ्ने देखिन्छ । त्यसैले लोकसाहित्यमा लोककथाको विशिष्ट स्थान रहेको छ भन्नुमा कुनै अत्युक्ति नहोला ।

## २.४ लोककथाको परिभाषा

लोककथा लोकसाहित्यको एक महत्वपूर्ण लोकप्रिय विधाका रुपमा संसारमा विकसित हुँदै झाँगिदै आएको विधा हो । मानव सम्यताको विकाससँगै मोखिक परम्परामा एक पुस्ताको मुखबाट अर्को पुस्ताको मुख हेर्दै पुस्तै पुस्तामा सर्दै लोककथा अघि बढेको छ । लोककथा लोकजीवनका विभिन्न अवस्था, विश्वास, धर्म, संस्कृति, विचार, संस्कार, रीतिरिवाज मूल्य-मान्यता, प्रचलन, जादू, टुना-मूना, सुख-दुःख आदि विषयलाई आधार मानेर वक्ता तथा सृष्टाका मुखदेखि रचना भएर अस्तित्वमा आएको मानिन्छ । वक्ताका मुखबाट श्रोता सम्म सम्प्रषेण विधिद्वारा हस्तान्तरण हुँदै एक अर्कोमा भन्दै सुनाउँदै जाँदा अनेक भाषा तथा भाषिकाका सर्म्पकमा कथाका परेकाले नानाथरी आकारप्रकार लिएर कथाहरु देखापरेका छन् भने गरेका, अनुभव गरेजति र कल्पनाले भेटेसम्मका दृष्यादृष्य लोक, प्राणी, वस्तु, प्रकृति, देव दानव, भूतप्रेत, पशुपंक्षी आदि तमाम कुरालाई विषयवस्तु बनाएर विविध कथाहरु रचना गर्दै आएका छन् । संसारका जुन सुकै भागमा पनि यस किसिमका विषयवस्तुमा आधारित लोककथाहरु प्रयोगमा आएको देख्न सकिन्छ । मुद्रणयुगको

प्रारम्भपश्चात् त यस्ता लोककथाहरु विभिन्न छापा, पुस्तक, पत्र-पत्रिकाहरु र ग्रन्थहरुमा आवद्ध भएर सुरक्षित रहन पुगेका छन् ।

श्रृतिकालीन सूक्तहरु हुँदै यो परम्परा पुराण, स्मृति ग्रन्थ जातक, पञ्चतनत्र आदिमा प्रवाहित हुँदै लोकजीवनमा घुलमित भउको देखिन्छ । यसरी मानव विकास सँगै उत्पन्न भएर विभिन्न रुपमा रुपान्तरित हुँदै संसारमा छरिएर छापा र पुस्तकहरुमा प्रवेश गरेका यस्ता कथाहरुको अहिलेसम्मको स्वरुपलाई समेटेर कथाको ठोस परिभाषा दिनु कठित छ तापनि लोकसाहित्यको अध्ययनका क्रममा हेर्दा विभिन्न विद्वानहरुको परिभाषा अघि सार्न सकिन्छ ।

यसैगरी अर्का विद्वान सी.एस. वर्नका अनुसार ‘‘लोककथा भनेको आफैमा तत्कालीन समयको चालचलन, रीतिरिवाज, सामाजिक सांस्कृति विश्वास, परम्परागत, संस्कार अनुष्ठान आदिको जिउँदो दृश्यपट र प्रतीकात्मक साक्षी हो ( दिवस,२०३२:७) ।

भारतीय विद्वानहरु मध्ये सत्येन्द्रको परिभाषा यस्तो रहेको छ लोककथाले मानिसको मूलभावनाका रुपलाई स्थूल प्रतीकले अभिव्यक्ति गर्दछ , (सत्येन्द्र( अर्का भारतीय विद्वान हजारीप्रसाद द्विवेदीका विचारमा “ मौखिक लिखित परम्पराबाट क्रमशः एक पुस्ताबाट अर्को पुस्तालाई प्राप्त हुने लोक प्रचलित कथालाई लोककथा भनिन्छ (बन्धु २०५८:२८४) ।

पाश्चात्य विद्वान मारियालोचका अनुसार आफ्नो रचना स्ट्यान्ई डिक्सनरी अफ फोकलोर मिथोलोजी एण्ड लिजेण्डमा “सामान्य तथा परम्परागत आख्यान र त्यसका भेद लोककथा हुन्” भनी उल्लेख गरिएको छ (पन्थी, २०६०:२७) ।

पाश्चात्य तथा भारतीय विद्वानहरुको परिभाषा र त्यसको निचोड हेर्दा लोककथा लोकको अति प्राचिन जीवनशैली, संस्कार, परम्परा, सामाजिक, साँस्कृतिक विस्वास आदिको प्रतीकात्मक दृश्यपट हो जुन पुस्तौ पुस्ता छुट्टै मौखिक आख्यान परम्परा जीवित रहिरहन्छ ।

नेपाली लोककथाको क्षेत्रमा लोकसहित्यमा नेपाली विद्वान एवम् खोज कर्ताहरुले प्रशस्त चासो र चिन्तन व्यक्त गरेको पाइन्छ । यसरी लोककथा सम्बन्धी चासो राख्ने व्यक्तिहरुले लोककथासम्बन्धी दिएका परिभाषाहरु लाई यहाँ कालक्रमिक रुपले प्रस्तुत गरिएको छ ।

वासुदेव त्रिपाठीका अनुसार “लोककथा वास्तवमा आदिम मान्छेको स्मारक निशानी हो र यसलाई हामीले प्रेमसाथ पुस्ता-प्रतिपुस्ता आफ्नो सम्भनामा सुरक्षित गर्दै आएका छौं ( त्रिपाठी, २०२४:३) ।

तुलसी दिवसले लोककथाका सम्बन्धमा दिएको परिभाषा यस्तो रहेको छ लोककथा मानवको अतीतमात्र होइन वर्तमान पनि प्रतिश्वनित र निहित हुने गर्दछ (दिवस,२०३३:३) ।

लोकसाहित्यका अध्येता धर्मराज थापा र हंसपुरे सुवेदीको भनाइमा “लोककथा मतलब हो आफ्नो वर्णनात्मक भनाइद्वारा  लोकलाई मजा दिने चखिलो वर्णानात्मक विषयवस्तुद्वारा  सुनिएको छतिलो रचना लोककथा हो । ( थापा र सुवेदी, २०४१:५)

डा. मतीलाल पराजुलीले आफ्नो विधावारिधिको शोधप्रबनधमा लोककथाको परिचय दिँदै भनेका छन्- परम्परादेखि लोक समुदायले सामूहिक सत्यका रुपमा अङ्गीकार गरेर काल्पनिक कथावस्तु भएका मनोरञ्जनपूर्ण, शिषाप्रद, गद्यमूलक, कलात्मक, मौखिक लोकाख्यानलाई लोककथा भनिन्छ । ( पराजुली, २०५५:२)

त्यसैगरी डा. चुडामणि बन्धुका अनुसार “लोककथा उकादेशमा वा परापूर्वकालमा भनी थालिन्छन् र श्रोताहरुमा वास्तविक जगत् भन्दा भिन्न लोकको निर्माण गरिन्छ । ( बनधु २०५८:२८४)

यसरी विभिन्न विद्वानहरुले दिउका परिभाषालाई हेर्दा लोककथा प्रायः काल्पनि, जादूपूर्ण, मनोरञ्जनयुक्त शिषाप्रद, आर्दश परायण र गद्यपरक हुन्छन् ।

## २.५ लोककथाको स्वरुप

लोककथा लोकजीवनको प्राचीनतम् गद्यात्मक आख्यान हो । यसमा विशेष गरी ग्रामीण जीवनको सामाजिक, धामिृक सांस्कृतिक आदि अवस्थाको सिङ्गो चित्र छापिएको हुन्छ । कथावक्ताले यसैलाई आधार मानेर आफ्नो क्षमता अनुसार कथाशिल्पद्वारा श्रोतासामु अभिव्यक्त गर्दछ । श्रृति, समृति र कथनपरम्परामा निहित रहेर एक  पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरण हुँदै जाने हुँदा यसको अनत्य कहिल्यै हुँदैन । तिथिमिति, समय र स्थानको निश्चित किटान नहुनाले यस्ता कथाहरु बढी काल्पनिक, असत्य, जादुपूर्ण र अपत्यारिला हुन्छन् तर कौतुकता, जिज्ञासार अभिप्रायका कारण यस्ता कथाहरु बढी

मनोरञ्जनपूर्ण, शिक्षाप्द रोमाञ्चकारी बननुका साथै लोकले कटुसत्यका रुपमा ग्रहण गरेको हुन्छ । झिनो  सम्बाद, गीतिगर्भ, रसपपिाक र अलङ्कार बिम्वसमेत लोककथामा पाउन सकिने हुनाले लोककथा आधुनिक कथााको पनि आधार तथा स्रोतभूमि बन्न पुगेको छ । यिनैलाई आधार मानेर लोककथाको स्वरुप निर्धारण गर्न सकिन्छ ।

१) प्राचीनतम गद्यमूलक लोकाख्यान नै लोककथा हो ।

२) लोककथामा सहरिया जीस्वनको अपेक्षा, ग्रामीण जीवनको बढी चित्रण हुन्छ ।

३) लोकजीवनको सामाजिक, सांस्कृतिक, धार्मिक आदि पक्षको विस्तृत वर्णन लोककथामा पाइन्छ ।

४)कथ्यशिल्प र चामत्कारिक वर्णनशैली अपनाएमा लोककथा बढी प्रभावकारी बन्दछ ।

५) लोककथा श्रृतिस्मृति, कथ्य परम्परामा आश्रित रहन्छ ।

६) पुस्तौली हस्तान्तरण प्रक्रिया निरन्तर चलिरहने हुनाले लोककथाको परम्परा कहिल्यै टुङ्गिदैन् ।

७) लोककथामा काल्पनिक तिथिमिति र स्थान उल्लेख गरे पनि निश्चितताको अभाव हुन्छ र रचनाकार अज्ञात रहन्छ ।

८) लोककथा स्थान, समय र युग सापेक्ष बनदै जानछ ।

९) लोककथाको कथावस्तु काल्पनिक, असत्य र अपतरिलो भएपनि शिक्षाप्रति, कौतुकपूर्ण रोमाञ्चकारी र लोकग्राहय हुन्छ ।

१०) लोककथाको भाषा स्थानीय अर्थात लोकभाषा हुन्छ ।

११) लोककथा “एकादेशबाट” शुरु भई ...... भन्ने बेलामा मुखमा आइजाला मा गएर टुङ्गिन्छ ।

१२) लोककथाको वीच वीचमै झिनो सम्बवाद गीत, कविता र उखान टुक्का प्रसङ्गअनुसार आउने गर्दछन् ।

१३) लोककथा लघु माध्यम र बृहत आकारका हुन्छन् ।

१४) लोककथामा प्रकृत्ति, भूत प्रेत ग्रह नक्षत्र आदि मानवीकरण हुन्छन् ।

१५) लोककथामा आश्चर्यसूचक घटक वा अभिप्रायहरुको प्रयोग अनिवार्य हुन्छ ।

## २.६ लोककथाका विशेषता

लोककथा लोकसाहित्यको त्यस्तो पाटो हो , जसमा लोकजीवनको तत्कालीन सामाजिक, धार्मिक, साँस्कृतिक र भौतिक गतिविधिको समग्र बीज प्राप्त गर्न सकिन्छ । युगौयुगको परिवर्तनकारी जीवनशैली, युगीन सभ्यता, लोकव्यवहार, आस्था, विस्वास, लैकिक मूल्यमान्यता आदिको बिम्बात्मक झलक लोककथामा पाइने हुँदा यो लोकसाहित्यको अमूल्य सम्पत्ति हो । त्रुटि स्मृति र कथन परम्पराद्वारा एक पुस्तादेखि अर्को पुस्तामा मुखामुख सजिलै हस्तान्तरण हुने लचकताले यसलाई गतिशिल र अक्षुण्ण तुल्याएको हुन्छ । लोककथाको स्थान, भाषा, कथाशैली नितान्त भिन्न खालको हुन्छ । वास्तवमा लोककथा मानव जीवनको विस्तृत एवम् विविधतालाई काल र स्थान अनुभप समाहित गरी विगतको अवशेष संरक्षित गर्ने आफैमा सानो सङ्ग्रहालय भएकोले मानव सभ्यता तथा संस्कृतिका विभिन्न चरणको ऐतिहासिक विकासक्रम या भौगोलिक विभेदको यात्राक्रम अध्ययन तथा अन्वेषण गर्ने सर्वसुलभ, सर्वग्रही मनोरम साधन हो (दिवस,२०३३:२) । लोकजीवनको अतीतगाथा, तत्कालीन समाजको जीवनपद्धति आदिको ऐतिहासिक विकासक्रम तथा गुगीन प्रतिच्छायाको टुण्टान्त एवम् साक्षीका रुपमा लोककथालाई लिन सकिन्छ । लोककथाले जुनसुकै समाज र जातीय जीवन परिचायकको भूमिका निर्वाह मरेको हुन्छ लोककथाको यिनै सीमा, आकार र परिधिको सेरोफेरो बाट प्रमुख बिशेषताहरु निर्क्यौल गर्न सकिन्छ ।

लामो परम्परा, अनेक पृष्ठभूमि र अनन्त यात्रा पार गदै असंख्य लोकजीवनका तीता मीठा अनुभव र संस्कार बटुलेर लोककथाका अनगिन्ती बिशेषताहरु हुन सक्छन् तर पनि धेरै जसोलाई अन्तर्भाव गदै यहाँ मोटामोटि केही बिशेषताहरुलाई चित्रण गरिएको छ ।

### २.६.१ अद्‌भूत एवम् रोमाञ्चकारी घटनाको तारतम्य

लोककथामा अद्‌भूत एवम् रोमाञ्चकारी घटनाको तारतम्य मिलाएर रोचक वर्णन गरिएको हुन्छ । कथालाई रोमाञ्चक जादुपूर्ण र विस्मकारी बनाई श्रोताको मन कसरी जित्ने भन्ने कुरामा नै केन्द्रित र कथाको सिर्जना हुने हुनाले यस्ता कथाहरु बढी आस्वाध हुन्छन् । कथामा अनौठा अनौठा कुराहरु समावेश गरेर बढी कौतुहल चाखलाग्दा र घतिलो बनाउने

प्रयास भएको हुन्छ । कथालाई अतिरञ्जिन र रागपूर्ण बनाउन अद्भूत तत्वको समावेश कथामा भएको पाइन्छ । यसैकै कारण लोककथा रमाइलो, मिठासम्पूर्ण र कुतुहलयुक्त बन्दछ ।

### ६.६.२ उपदेशमत्मकता

लोककथा भन्नु र सुनाउनुको प्रयोग बौद्धिक एवम् नैतिक किसिमको उपदेश र सन्देश दिनु हो । लामो उमेर अवस्था पार गरिसकेको वृद्ध र अनुभवी व्यक्तिहरले आफ्ना सन्तति वा बालबालिकाहरुलाई बौद्धिक ज्ञान र नैतिक उपदेश दिने उद्देश्यले अनेक तीता मीठा घटना र अनुभूतिलाई मिसाउँदै विभिन्न किसिमका देवी, देवता, राजा-रानी, राजकुरमार-राजकुमारी तथा वीरपुरुषहरुका जीवन-दृष्टान्त, पराक्रम, शरुरता, वीरता आदिसँग सम्बन्धित रोचक तथा आर्दश कथाहरु सुनाउने गर्दछन् । यस्ता कथाको माध्यमबाट शिक्षा र उपदेश दिनाले बालवालिकाहरुको मन राम्रो कुरातर्फ छिटो आकषृक हुनुका साथै आत्मबल, उत्साह र अभिरुचि बढ्र्दछ । नराम्रा तथा कुलत प्रवृति त्यागेर राम्रो व्यवहार अपनाई सच्चरित्र निर्माण हुने हुनाले उपदेयत्मकता लोककथाको प्मुख विशेषता हो ।

### २.६.३ मनोरञ्जनपूर्णता

लोककथाको महत्वपूर्ण बिशेषता भनेको नै श्रोतताले कथा सुन्ने क्रममा मनोरञ्जन प्राप्त गदै जानु हो । कथा भन्ने , सुन्ने रस लिने प्रथा लोकजीवनको अनादिकाल देखि नै प्रारम्भ भएको हो । रसरङ्ग र आनन्दानुभूति लोककथाको मुख्य उपलब्धि नै हो । बूढापाकाहरुबाट समयसमयमा प्राप्त हुने रसिक कहानीहरुले जोसुकै व्यक्तिलाई पनि सुनिरह जस्तो र मन्त्रामुग्ध पारेरै छाड्छन् धर्मराज थापा रहंसपुरे सुवेदी पनि लोकथा सुनेर मख्य परेको छन् “बेलुका पिँढी, मझेरी, अगेनाको डिल कतै होस् घरका आफ्ना दाजुभाइ दिदीबहिनी एवम् दौतरीहरुसँग बसी परिवारका बुढा वा आमैबाट यडन्ते रमाइला कथाहरु सुनी मखख भएको कुरा हाम्रो दिलमा अझै ताजै छ । ( थापा र सुवेदी,२०३३ः३१७) यसरी भनिने कथाले पूर्णतया मनोरञ्जन प्रदान गर्दछ ।

### २.६.४ सरलता एवम् सुगमता

ग्रामीण निरक्षर व्यक्तिहरुका मुखदेखि भनिदै अरुले सुन्दै आएको हुनाले कथामा आफ्नै संस्कारको लोकभाषा प्रयोग भएको हुन्छ । लोकमिुदायले जसरी बुझ्छ, त्यसरी नै अभिव्यक्त गरिने हुँदा लोककथामा बढी सरलता र ग्राम्यपन पाइन्छ । बुढापाकाबाट सुनेका कथा एकले अर्कोलाई आपसमा भन्दै र सुनाउँदै जाँदा समाजका हरेक क्षेत्र र कुनाकाप्चामा सरलता र सुगमतापूर्ण यस्ता कथाहरु आदानप्रदान भएर अगाडि बढ्दै गइरहेका हुन्छन् । त्यसकारण एउटा समाजमा चलेको जुनसुकै  कथा अर्को मुलुको समाजमा पनिपाउन सकिन्छ । स्थान, पात्र र परिवेश फरक परे पनि कथाको विषयवस्तु चाँहि समान हुन्छ ।

### २.६.५गतिशीलता

लोककथाको स्वरुप सधैं एकनाश रहँदैन । समयको परिर्वतन र युगचेतना अनुरुप लोककथाहरु समय सापेक्ष बनदै जान्छन् । युगान्तकारी घटना र समयको कोल्टेसँगै विभिन्न रहनसहन, संस्कबार र परिवेशकोचास्नीमा डुबुल्की मार्दै नयाँ आकार र बानी लिएर अझ घटिला र चखिला बनदै गत्यात्मक दिशातिर बढ्दैछन् । लोककथाको गतिशील यात्रा कहिल्यै रोकिदैन र अन्त्य पनि हुँदैन, जुन लोककथाको मुख्य विशेषता नै हो ।

### २.६.६ श्रुति, स्मृति र कथनपरम्परा

लोककथा, श्रृति, स्मृतिर कथनपरम्परामा जीवित हुँदै उक पुस्ताबाट अर्को पुस्तामा सर्छन् । अरुबाट सुनेका कथा व्यक्तिको स्मृतिपटलमा भण्डारण हुन्छन् । त्यसरी भण्डारण भएका कथाहरु श्रोताको उपस्थिथि सहितको अनुकूल परिस्थितिमा कल्पनाको जलप हुँदै राम्रो र प्रभावकारी रुपमा प्रस्तुत वा अभिव्यक्त हुँदै अर्को व्यक्ति ( श्रोता) मा स्थानान्तरण हुन्छन् । सहज रुपमा कथाभित्रका घटना उपघटनाहरु कथायिता भनदै जान्छ र श्रोताहरु कथयिताको कथनप्रति लीन हुँदै अपूर्ण आननदको अनुभव गर्दै सुन्दै जान्छन् । यही श्रृति, स्मृति र कथन प्रकृयाको परम्पराद्वारा कथाहरु अनन्त कालसम्म जीवित रहन्छन् ।

### २.६.७ काल्पनिक परिवेश तथा पात्र संयोजन

लोककथा उकादेशमा........... वा परापूर्वकालको ................भनेर सुरु गरिने हुँदा कुनै निश्ति तिथिमिति र स्थान उल्लेख भएको ठोकुवा गर्न सकिदैन । यदि कथामा समय र स्थान उल्लेख भए पनि प्रायः अनुमानित र काल्पनिक रुपमा मात्र प्रयोग गरिएको हुनछ । तर स्थान र समय अनुमानित वा काल्पनिक हुँदैमा कथाको मूल्य र मानयतामा भने कमी आएको हुँदैन । लोकजीवनले कथालाई शाश्यवत मान्य सिद्धानतको रुपमा नै स्वीकार गरेको हुन्छ । काल्पनिक परिवेश तथा तदनुमूल पात्र संयोजनको अभिप्रायगत सठिनवेशले गर्दा लोककथाको स्वरुप उत्पनन हुने गर्दछ ।

### २.६.८ सामूहिकताको अनिवार्यता

लोककथा लोगीत जस्तो उकल अवस्थामा गुन्गुनाएर वा घाँस दाउरा गर्दा वनमा विरहको भाका सुसेलेर एक्लै गाँउन सकिने विषय होइन् । लोककथा भन्न तथा सुन्नका निम्ति निश्चित स्थान र श्रोतावर्गको आवश्यकता पर्दछ । यो सम्प्रेषणीय विषय भएकाले एउटाले भन्ने र अरुले सुन्ने गर्नुपर्दछ । श्रर्ताको श्रवणतन्यतामा नै कथयिताको प्रभावकारीता झल्किन्छ । श्रोताविना कथावाचकनको कुनै अर्थ रहँदैन । यसकारण लोककथाको अन्त्यमा सुन्नेलाई सुनको माला...... भनेर श्रोताको सम्मना प्रकट गरिएको हुन्छ । लोककथामा वर्णित विषयवस्तु र घटित घटना क्रमले सिङगो लोकजीवन र समुदाय नै प्भावित बनदछ । यसमा सामूहिक जीवनका सुख-दुःख माया, ममता प्रेमभाव, करुण आदि प्रतिबिम्वित भउका हुन्छन् । सामूहिक लोकजीवनको सामूहिक व्यवहार जीवन पद्धति र संस्कारको समष्टिगत चित्र लोककथामा अनुभव गर्न सकिने हुँदा सामूहिकताको प्रभाव परेको हुन्छ ।

यसरी लोककथा सिङ्गो लोकजीवनको असङ्ख्य मार्मिक अभिव्यक्तिहरुको स्वतःफूर्त उद्गार हो, लोकमानसका संवेध धारणा, हार्दिक स्पन्दन र क्रियात्मक कौशल प्रतिबिम्बित भएको हुन्छ । असाधरण परिस्थिति तथा अनुकूल क्षणमा उद्वेलित र तरङ्गिन बनेर समाजमा प्रस्फुटन भएका यिनै मानवीय संवेग भाव र क्रियात्मक गतिविधिलाई कथाले टिपेर जलप लगाउँदै अभिव्यक्तिको मालामा उनेर लोककथाको रचना हुन्छ ।

## २.७ लोककथाका तत्व (उपकरण)

लोककथा नेपाली साहित्यको एक महत्वपूर्ण विधा हो । निजात्मक बैशिष्ट्य एवम् निजात्मक तत्व निष्ठाका आधारमा लोककथाले छुट्टै पहिचानगत अस्थित्व कायम गरेको हुन्छ । यसले लोकजीवनको समग्र पक्षको चित्रण गरेको हुन्छ । कथालाई साङ्मोपाङग र स्वच्छ तुल्याउन लोकजीवनका आन्तरिक र बाह्य हरेक पक्षहरु उत्तिकै सल्लाएर समाविष्टहुन्छन् । लोककथाका बाह्य पक्षलाई स्थल वा मूर्त उपकरण र आन्तरिक पक्षलाई सूक्ष्म वा अर्मूत उपकरणको रुपमा चर्चा गरेको पाइन्छ (शर्मा, २०५५:३८४) । लोकको बोली, व्यवहार सभ्यता, संस्कार, दृष्टिकोण, कार्यशैली, जीवनपद्धति अन्तसम्बन्ध, लोकविश्वास, जीवनस्तर, मूल्यमान्यता पेशा, रहनसहन, परिवेश र चिन्तन धारणा आदि तमान कुराहरु लोककथामा आवश्यकता अनुरुप अन्तर्भाव भइ परिवाक अवस्थामा पुऱ्याउने सम्पूर्ण उपकरण वा व्यञ्जनको आधार नै लोकजीवन हो । लोकमानसकै मनोरञ्जनको उद्देश्यपूर्तिका निम्ति कथा विभिन्न परिवेश र विषयका आधारमा रुचिएका हुन्छन् । त्यहीकै रुचि र त्यहीकै लक्ष्य प्राप्ती हेनु लोककथाले आफ्नो जीवनमूल्य अर्पण गर्दछ ।

कथाको यही मूलमर्म र सङ्गिठित अवयवका आधारमा तत्वहरु निर्धारण गरिएको हुन्छ । लोककथा लोकसाहित्यकै मुख्य अङ्ग भएकाले यसमा पनि लोकसाहित्यका मूलफूत केही तत्व र केही आफ्नै निजात्मक एवम् बैशिष्ट्यगत तत्वहरु रहेका हुन्छन् । लोककथामा प्रयुक्त तत्व अथवा उपकरणलाई मुख्य रुपमा वर्गमा छुट्याइएको छ । स्थल विभाजन अन्तर्गत कथानक, चरित्र र परिवेश पर्दछन् भने सूक्ष्म अन्तर्गत विषयसूत्र भाषाशैली उद्देश्य र दृष्टि विन्दु पर्दछन् (शर्मा, २०५५:४२२) ।

### २.७.१ कथावस्तु/कथानक

कथानक लोककथाको मूर्त वा स्थल तत्व (उपकरण) हो । उत्सुकता र संशय जगाउने गरी व्यवस्थित घटना र चरित्रको सङ्गठनलाई कथानक भन्दछन (शर्मा २०५५ :३८४) । कथावस्तु लोककथाको शरीरमा रहेको मेरुदण्ड जस्तै महत्वपूर्ण तत्व (उपकरण) मानिन्छ । जसरी शरीर विना जीवनको कल्पना गर्न समिँदैन, त्यसरी नै कथावस्तु विना लोककथा नै बन्न सक्दैन । कथामा यो आधोपान्त उपस्थित रहन्छ । कथानक सावयव वस्तु

हो । सामान्यतः सबै अङ्ग अर्थात आदि मध्य र अन्त्य भागले युक्त  भएको र सबै अवस्थामा विकसित कथानकलाई पूर्ण कथानक भनिन्छ । घटनावलीको पारस्परिक बनोटबाट कथानक तयार हुन्छ । कार्यकारण सम्बन्धमा बाँधिउको घटनाहरुलाई नै कथानक भनिन्छ । ( शर्मा२०५५:३८६)

कथावस्तुको विषय प्रस्तुति तथा आङ्गिक संयोजका क्रममा पात्र, परिवेश, शैली सहायक सिद्ध बनेर आएका हुन्छन् । विषयगत विभेदताका कारण कथावस्तु अनेक प्रकारका हुन्छन् । विश्वब्रहमाण्डका कुनै पनि सन्दर्भ लोककथाका कथावस्तु वा विषयवस्तु हुन सक्छन् । अलौकिक, काल्पनिक र भावनात्मक विषय आदि सन्दर्भलाई समेत विषयका रुपमा समावेश गरी कथोकथन गरेको पाइनछ । यस्ता विषयवस्तुमा स्वरकल्पनाको रङ्गरोगनद्वारा सदृय आकार दिई कथावस्तुको सिर्जना गरिएको हुन्छ । विषय र घटनाका प्रकृतिअनुसार कथावस्तु लामा, मझौला र छोटा हुने गर्दछन् ।

## २.७.२ पात्र/चरित्र

लोककथामा पात्र वा चरित्रको दोस्रो महतवपूर्ण स्थान रहेको हुन्छ । यो कथाको स्थूल तत्व हो । कथामा कथावस्तु कतिको तनकाउने वा खुम्चाउने भन्ने कुरा पात्रको क्रियाकलापमा निर्भर गर्दछ । पात्रहरुको  कार्यव्यापार भूमिकाबाट नै कथावस्तु अगाडि बढेको हुन्छ ।कथालाई अन्तिम अवस्थामा पुऱ्याउने स्तम्भ नै पात्र हो । कथाको विषयवस्तु र आयतन अनुरुप पात्रको चयन गरिएको हुन्छ । कथामा पाइने ती व्यक्तिहरुलाई पात्र वा चरित्र भनिनछ जो नैतिक र अभिवृत्ति गुणहरुले युक्त हुन्छन् । पात्रलाई कथाको सहभागी पनि भनिन्छ । लोककथा कल्पनाप्रधान मौलिक विधा भउकाले यसमा प्रयुक्त  पात्रहरु जीवनका यथाृथ धरातलबाट नलिई काल्पनिक जगतबाट छनोट गरिएका हुन्छन् । कथाको विषयवस्तु सदृश मिल्दा पात्रहरु मानवीय, मानर्वत्तर प्रणी र निर्जीव जुनसुकै  पनि हुन सक्दछन् । मानवीय चरित्रका रुपमा राजपरिवार, मन्त्री, वीरपुरुष, साधुहात्मा, किसान, गरिब, टुहुरा आदि पात्र आउका हुन्छन् भने मानर्वतर पात्रकारुपमा बाघ, भालु, घोडा, हात्ती, कुकर, विरालो, स्याल सुगाँ, मैना आदि पशुपंक्षीहरु आएका हुन्छन् । यिनका अतिरिक्त अति

मानवीय तथा दैविक पात्र देवीदेवता, अप्सरा, गन्धर्व, भूतप्रेत, राक्षस र निर्जिव पात्रमा ढुङ्गा, नदीपहाड, पानी, बादल, ग्रहनक्षत्र आदि उल्लेख भएका हुन्छन् ।

मानवीय पात्र गतिशिल एवम् सापेक्ष पात्रका रुपमा देखिन्छन् । यिनीहरुको चारित्रिक प्रभाव श्रोतामा पर्दछ भने अरुमा चारित्रिक सुधारवा विकासको अवसर नहो हुँदा निरपेक्ष एवम् स्थिर पात्रको रुपमा प्रयुक्त हुन्छन् अलौकिक र काल्पनिक आवरण दिएर मानवीकरण गरीने हुँदा यस्ता खालका पात्रले श्रोतालाई श्रोतालाई कथाको परमान्द मिल्लुका श्रोता तुजुक र लट्ठ पादै कथापान गर्दछन् । लोककथामा पात्र वा चरित्रलाई महत्वपूर्ण रुपमा लिनुको कारण पनि यही हो ।

### २.७.३ संवाद

लोककथामा संवाद तत्वलाई निकै कम महत्वको रुपमा लिइन्छ । यसलाई कथामा तत्व सुक्ष्म तत्व (उपकरण) का रुपमा लिइएको छ । हुन पनि लोककथामा यो क्षीण र शिथिल देखापर्दछ ।यद्यिपि लोककथामा पात्रहरु का बीच प्रणय-वार्तालाप, समस्याकथन, विचार विमर्श, प्रश्नोत्तर छलफल आदिका क्रममा सानातिना संवाद तथा कथोवकथनहरु चाहिँ नआउने होइनन्  तर यसमा प्रयुक्त कथावस्तु र त्यससँग सम्बन्धित पात्रहरुलाई कथा भन्ने व्यक्ति बढि मात्रामा आफै क्रियाशील भई व्यक्त गर्ने हुनाले लोककथामा संवाद थोरै मात्रामा देखापर्दछ ।

लोककथा काल्पनिक र यर्थाथभन्दा टाढा हुने भएकाले यसमा निर्जीव वस्तु पनि आपसमा कुरा गर्ने, मित्रवत् व्यवहार गर्ने जस्ता अनौठा मानवीय प्रवृत्ति देख्न पाइन्छ । यस प्रकारको  पात्र संवाद अस्वभाविक र अर्थलागे पनि श्रोतालाई लठ्ठ बनाई मन्त्रमुग्ध पार्ने तथा चकित तुल्याउने जादू यसमा लुकेको हुन्छ । यसैले अस्वभाविक संवाद पनि स्वाभविक जस्तो अनुभव हुनछ । कथालाई रचित र कौतुक बनाउन यस्ता संवाद अपेक्षित रहन्छन् ।

### २.७.४ परिवेश

लोककथा प्रायः ग्रामीण जनजीवनकै सेरोफेरोमा जन्मिएर हुर्के बढेको हुन्छ । त्यसैले सहरियाभनदा ग्ामीण जीवनको चित्रण लोककथामा अधिक पाइनछ । हुन त दरबारिया

परिवेश र सहरको दृश्य यस्ता कथामा नपाइने होइन् तर ज्यादै न्यून उल्लेख भएको देखिन्छ । यसका साथै लोककथामा आञ्चलिक, प्रादेशिक र बैदेशिक परिवेशको झलक पनि धेरथोर मात्रामा भेट्न सकिनछ । विषयवस्तुलाई यर्थाथ र दुरुस्त एवम् चुस्त तुल्याउन कथावक्ताले घटनासँगै वातावरणलाई पनि उत्तिकै महत्व र प्रश्रय दिएको हुनछ । यही विशेषताले गर्दा कथावस्तु र पात्र काल्पनिक भएर पनि त्यसलाई  यर्थाथ हो भन्ने भ्रम श्रोताको मनमा परेको हुनछ । वातावरणको यही जीवन्त चित्रणको कारण लोककथा बढी जिज्ञासा, पिपाशा, सुश्रषर कौतुकमय बन्दछ । परिवेश वा वातावरणलाई कथाको स्कूल तत्व अन्तर्गत राखिएको हुन्छ ।

### २.७.५ भाषाशैली

लोककथाको शैली अत्यन्त सरल, सजक र स्वाभाविक हुन्छ । लोककथा ग्रामीण निरक्षर तथा अनुभवी व्यक्तिको दिमागको उपज भएको कारण यसमा व्यक्तिको आफ्नै किसिमको भाषिक शैली, भाषिक स्तर र  भाषिकपन टड्कारै रुपमा प्रस्टिएको हुन्छ । वास्तवमा भन्ने हो भने लोककथा नै निरक्षर समाजको पारस्परिक क्षेत्र हो । यसमा आधुनिक शिष्ट परिष्कृत, अनुदित, शिक्षित र सभ्य भाषाको कुनै जरुरत पर्दैन । लोक मानसलाई क्लिष्ट, घुमाउरो र जटिल भाषा मनै पर्दैन । भाषा  त्यहाको लोकगलामा भिजेर सरल र सरस भएको छैन भने त्यस्तो लोककथालाईलोकमानसले पचाउन सक्तैन । लोक जीवनका हृदयको उद्‌गार एवम् झङ्कार व्यक्त गर्ने ग्रामीण भाषिक शेली नै लोककथाको मुख्य पहिचान हो । सरल, सहस, सम्प्रेष्य र बोधगम्य भाषा र सुमधुर शैलीका कारण लोककथा बढी रोचक र कर्णप्रिय बन्दछ ।

### २.७.६ सारवस्तु/उद्देश्य

लोककथा भन्नु वा सुनाउनुको कुनै न कुनै प्रयजित हुन्छ । कथा सुनेर कुनै रस, आननद वा मनोरञ्जन पा्प्त भउन भने कथाको कुनै औचित्य रहदैन् ।  कथावस्तुको मुख्य निचोड वा सार भनेकै यही मनोरञ्जन प्राप्त गर्नु हो । आनन्दानुभूति वा रसमगनता मुख्य प्रयसिन र अरु गौण प्रयोजन हुन् । (शर्मा,२०५५:४१२) मनोरञ्जनका साथै अन्य सहायक

प्रयोजन पनि यस सँगसँगै आउँछन् । धार्मिक नैतिक उपदेश तथा सन्देश दिनु र सामाजिक तथा मानविय विकृति विरुद्ध वितृष्णा जगाई मानव तथा समाजसुधारको दिशाामा श्रोतालाई अभिप्रेरित गर्नु पनि यसको अर्को उद्देश्य हो । लोककथाले यिनै उद्देश्यहरुलाई समेटेको हुन्छ ।

### २.७.७ शीर्षक

शीर्षक लोककथाको त्यो अनुहार हो, जसको भुलुक्क हेराइले पनि कथावस्तुको पूरै झल्को आउँछ । शीर्षकमा कथावस्तुको आकृति प्रतिबिम्बित भएको हुन्छ । शीर्षकले कथावस्तुको पूरै शरीरलाई प्रभावित पार्न सक्ने र कथावस्तुले शीर्षक सार्थकताको पुष्टि गर्न सक्ने हुनाले शीर्षक र कथावस्तु वीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । कुनै पनि कथाको शीर्षक चयन गर्दा कथावस्तुले दिने निचोड वा खास वस्तुलाई समेत ध्यानमा राखेर विन्दुमा सिन्धु अट्ने तरिकाले चयन गरिएको हुन्छ । शीर्षकले कथावस्तुको पूरा वाक्यांशलाई समेत स्पर्श गरेर आफ्नो क्षेत्र जमाएको हुन्छ । शीर्षकको उच्चारण मात्रले पनि श्रोतालाई कथा कस्तो छ भनेर सुन्न कौतुहल जाग्छ । त्यसकारण शीर्षकलाई पनि कथाको तत्वको रुपमा लिइन्छ ।

## २.८ लोककथामा अभिप्राय

लोककथाको रुवरुप निर्धारण वा निर्माण गर्ने कुनै विस्मयकारक असामान्य घटक वा सन्दर्भ नै अभिप्रायहो (बन्धु,२०५८:६६) ।

अभिप्रायमूलक घटकको सन्निवेशलाई लोककथा अन्य आधुनिक कथाको पङ्क्तिबाट पृथक बन्दछ । अभिप्रायहरु प्राय : अनौठा, अपत्यारिता र अस्वाभाविक खालका चरित्र बोकेका हुन्छन् । यिनको प्रयोगले लोककथा आश्चर्यको चरमचुलीमा पुग्दछ र श्रोत्यको मनलाई सजिलै जित्न सक्छ अभिप्रायकै कारण लोककथा बढी आस्वाध सरल र कौतुहलबन्दछ । लोककथाको यो प्रमुख सामग्री भएकाले नै यसको अभावमा लोककथा सामान्य तथा प्रभावकारी बन्दछ । यसले अभिप्रायलाई लोककथाको आवश्यक घटकका

रुपमा लिन सकिन्छ । एउटै लोककथामा पनि थुप्रै अभिप्रायहरु प्रसङ्ग वा प्रकरणवश उपस्थित हुन सक्छन् ।

### २.९ लोककथाका प्रकार

लोककथा श्रुति, स्मति र कथन परम्परामा आधारित प्राचीन विद्या हो । लोकजीवनका अनेक सम्प्रदाय तथा धार्मिक, सामाजिक र सांस्कृतिक पृष्ठभूमि र परम्परा हुँदै हुर्केको बढेको हुनाले यहाँ धेरै किसिमका लोककथाहरु पाइन्छन् । यस्ता अनगिन्ती लोककथाको स्वरुप र वैशिष्ठ्य ठम्याई वर्गीकरण गर्ने कार्य अन्यन्त दु:साध्य छ । लोककथाको वैज्ञानिक किसिमले अध्ययन अनुसन्धान तथा वर्गीकरण गर्ने कार्य अझै बाँकी नै छ । यति हुँदाहुँदै पनि अध्ययनका क्रममा यसको वर्गीकरण आवश्यक हुने भएकाले पूर्वीय पाश्चात्य भारतीय तथा नेपाली केही विद्वानहरुले गरेको वर्गीकरलाई प्रस्तुत गरी त्यसैको आधारमा प्रचलित लोककथाको मोटामोटी रुपमा विभिन्न वर्गमा समेटि वर्गीकरण गर्ने प्रयास गरिएको छ । लोककथाको वर्गीकरण सम्बन्धमा पूर्वीय र पश्चिमी विद्वानहरुले निकै पहिले देखि नै रुचि लिएको पाइन्छ ।

संस्कृत साहित्यका आचार्यहरुले कथाका विशेषताको आधारमा कथा र आख्यायिका गरी विभाजित गर्दा काल्पनिक कथानक भएकालाई कथा र ऐतिहासिक कथानक भउकालाई अख्यायिका भर्ना विभाजन गरिएको छ । (बन्धु,२०५८:२९०)

पूर्वीय प्रसिद्ध ध्वनीशास्त्री आनन्दवर्द्धनले कथाका तीनभेद उल्लेख गरेका छन् । परीकथा, सकलकथा र खण्डकथा, यस्तै कथाको वर्गीकरण गर्ने क्रममा हरिभद्र आचार्यले कथालाई चार प्रकारमा छुट्याएका छन् । ती हुन् अर्थकथा, काम कथा, धर्म कथा र सङ्कीर्ण कथा । (बनधु, २०५८:२९०)

पाश्चात्य मुलुकमा पनि लोककथाको अध्ययन अनुसन्धान र वर्गीकरण गर्ने परम्परा सुरु भएको छ । अ.ग्रेजी लोककथाका विद्वान जर्ज गोमेले लोककथालाई चार प्रकारमा विभाजन गरेका छन् । ती दन्त्यकथा, वीरकथा, वीरगाथा र स्थान विषयक ऐतिहासिक कथा हुन् । ( बन्धु, २०५८:२९१)

फिनीस विद्वान एनटी आर्नेले २००० भन्दा बढी कथाहरुको सङ्कलन गरी लोककथालाई तीन प्कारमा छुट्याएका छन् :पशुकथा दन्त्यकथा, ठट्यौली र चुट्किलाहरु ( बन्धु,२०५८:२९१)

लोककथाको अध्ययनका क्षेत्रमा भारतीय विद्वान डा. सत्येन्द्रले लोककथालाई आठ भागमा विभाजन गरेका छन् ।

अ) गाथा

आ) पशुपंक्षीबन्धी

इ) परिकथा

ई) बलविक्रम कथा

उ) बुझ्बल कथा

ऊ) निरीक्षण कथा

ए) साधुकथा

ऐ) कारण निर्देशक कथा (ओझा र गिरी, २०५५:११२) ।

त्यसैगरी डा. कृष्णदेवले लोककथाको वर्गीकरण ६ प्रकारमा गरेका छन्

अ) उपदेश कथा

आ) व्रतकथा

इ) प्रेमकथा

ई) मनोरञ्जन कथा

उ) सामाजिक कथा

ऊ) पौराणिक कथा (ओझा र गिरी, २०५८:११३) ।

नेपाली लोककथाको वर्गीकरण गर्ने क्रममा लोकसाहित्यका अध्येता तुलसी दिवसले निम्नानुसार दस प्रकारमा विभाजन गरेका छन् ।

क) सांस्कृतिक ऐतिहासिक लोककथाहरु

ख) अर्ती उपदेशका लोककथाहरु

ग) पशुपक्षीका लोककथाहरु

घ) मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरु

ङ) अतिमानवीय रुपका लोककथाहरु

च) दैवी लोककथाहरु

छ) फलफूलका लोककथाहरु

ज) साहस र बहादुरीका लोककथाहरु

झ) धार्मिक लोककथाहरु

ञ) विविध लोककथाहरु (दिवस, २०३२:३८) ।

नेपाली लोकसाहित्यका अध्येताद्वय धर्मराज थापा र हंसपुरे सुवेदीले नेपाली लोककथालाई दिवसकै वर्गीकरणको आधारमा निम्नानुसार वर्गीकरण गरेका छन् ।

क) धार्मिक व्यथा साँस्कृतिक ऐतिहासिक लोककथा

ख) मानवीय तथा अतिमानवीय लोककथा

ग) पशुपंक्षीका लोकथा

घ) दैवी लोकथा

ङ) विविध लोककथा

यसरी स्वदेशी तथा विदेशी लोकसाहित्यका विद्वानहरुले गरेका लोककथाको वर्गीकरणको आधारमा सबै तथ्यलाई निरुपण गरी नेपाली लोक जीवनमा प्रचलित लोककथाहरुलाई मोटामोटी रुपमा निम्न वर्गभित्र राखेर विभाजन गर्ने प्रयास गरिएको छ ।

### २.९.१ सामाजिक लोककथा

लोककथाको सामाजिक जीवन हो । सामाजिक जीवनका विभिन्न क्रियाकलाप, रहनसहन, बोलीव्यवहार, जीवनपद्धति, संस्कार आदि कुराहरुले लोककथालाई निकै प्रभाव पारेको हुन्छ । त्यसैगरी सामाजिक जीवनका मार्मिक कहानी, प्रणयलीला, मानवीय प्रतिष्ठा तथा विकृति आदि कुराको भावुक चित्रणले कथालाई सजीव एवम् गतिशील तुल्याएको हुन्छ । समाजले त्यसकै चाहना र उद्देश्यपूर्तिका लागि कतिपय घटना र तन्तुहरुलाई आख्यानीकरण गर्दै श्रुति परम्परा अँगालेको हुन्छ । समाज सतरञ्जी स्वभाव भएका

मानिसको अखडा भएको हुँदा राम्रा नराम्रा सामान्य असमान्य र विचित्र खाले अनेक घटनाहरु बारम्बार घटित भइरहन्छन् । यिनै घटित कथानक श्रृङ्खला जोडिएका सामाजिक लोककथाहरु बूढापाका र अनुभवी तथा सिपालु व्यक्तिका मुखदेखि कहानीका रुपमा अभिव्यक्त हुने गर्दछन् । सामाजिक जीवनका व्यक्तित्वहरु, राजा महाराजा सन्त महन्त आदिका सच्चरित्र तथा विलासी जीवन शैली देखि लिएर निम्न शोषित पीडित असहायहरुले भोग्नुपरेका कष्टकर संघर्ष एवम् प्राणीत्सर्गलाई यस्ता कथाहरुमा चित्रण गरिएको हुन्छ । तसर्थ लोकमानसको सिङ्गो अभिव्यक्ति सामाजिक लोककथामा पाइन्छ ।

### २.९.२ सन्देश वा अर्ती उपदेशमूलक लोककथा

धेरै जसो लोककथाहरु अर्ती उपदेश तथा अनेक सन्देश दिने उद्देश्यले रचिएका अर्थात कथिएका हुन्छन् । बूढापाकाहरुले आफ्ना सन्ततिलाई अर्ती, उपदेश र समाजलाई सन्देश दिने धूनमा नै यस्ता कथा लोकमा बढी प्रचलनमा आएका देखिन्छन् । यस्ता कथामा नैतिक मूल्य र आदर्श, धार्मिक उपदेश, चारित्रिक गुण, सदाचार सत्कर्म, उपकार, दया, सवेवाभाव, सहनशीलता आदि सद्‌गुणहरुको विकास गरी महान् एवम् प्रतिष्ठित व्यक्ति बन्ने मुख्य सन्देश पाइन्छ ।

### २.९.३ प्रेमपरक लोककथा

मानवजीवनको सार्थकता नै प्रेममा अडेको हुनाले लोककथामा प्रेमविषयक रोचक कहानीहरु प्रशस्त मात्रामा चित्रण भएको पाइन्छ । कैयौं राम्रा वादशाह, साधु सन्तहरु पनि अप्सरा वा दिव्य सुन्दरीहरुको प्रणयलीलामा आबद्ध भएर आफ्नो गुरु गाम्भीर्य डगाउन बाध्य भएका अनेक दृष्टान्तहरु लोककथामा प्रशस्त मात्रामा भेटिन्छन् यति मात्र होइन, यसमा सिङ्गो लोकजीवन नै आत्मिक वा वानात्मक प्रेममा रङ्मङ्गिएर जग्मगाएको हुन्छ । लोककथा कहीं कतै त किचक तथा प्रेतकन्याहरुले रातको समयमा गोठमा आई युवकहरुलाई मोहित तुल्याएर प्रेमको कूट जालोमा फँसाइ कहालीलाग्दो जीवन भोग्न र कतै मृत्युको फन्दामा पारेको त्रासजनक उदाहरण देख्न पाइन्छ । लोककथा सृजनाको मुख्य प्रेरक प्रेम भएको हुनाले प्रेमपसङ्गमा आधारित लोककथाहरु आर्थिक प्रचलनमा आएका छन् ।

### २.९.४ साँस्कृतिक एवम् ऐतिहासिक लोककथा

लोकजीवनमा प्रचलित रीतिरिवाज, मेला चाडपर्व, परम्परागत रुढिवाद कथा अन्धविस्वास जन्मदेखि मृत्युपर्यन्तका विभिन्न संस्कार आदि कुराहरु लोककथामा प्रचलित संस्कृतिहरु हुन् । यिनै संस्कृतिका मूल्य मान्यता र प्रचलन समाजमा आउनुका पछाडि सानातिना कल्पित एवम् किवंदन्तीमूलक इतिहासहरु जोडिएका हुन्छन् । यसका साथै लोकजीवनमा समयको कालखण्ड सँगै घटेका साम्प्रदायिक घटनाहरु, युद्धजनित परिणम तथा वीर पुरुष चामत्कारिक पराक्रम, लोकविस्वासले सत्य ठानेका सृष्टिचक्र अन्तर्गतका उपत्ति विषयक प्रकृति जीव देवी-देवता, मनुष्य र जाति विशेषका कुराहरु इतिहासका रुपमा लोकले स्वीकार गरेको पाइन्छ । यिनै साँस्कृतिक एवम् ऐतिहासिक विषयवस्तु लोकमानसको गलामा सम्बद्ध हुँदै बेलामौकामा अभिव्यक्त हुने गर्दछन् । इतिहास र संस्कृति एक आपसमा घनिष्ठ सम्बन्ध गाँसिएका विषय भएकाले लोककथामा यी दुवैको अन्योन्मात्रित सम्बन्ध रहेको पाइन्छ । इतिहास तथा संस्कृति मिश्रण लोककथाहरु लोकजीवनमा प्रशस्त छाएर रहेका छन् ।

### २.९.५ धार्मिक एवम् पौराणिक लोककथा

धर्म, कर्म काष्टु, वेद र पुराण आदि ग्रन्थमा उल्लेखित धार्मिक कथाहरुले नेपाली लोककथामा ठूलो प्रभाव पारेका छन् । कतिपयलोककथाहरु यिनै धार्मिक कथाका विषयवस्तुमा पात्र र परिवेश परिवर्तन गरी केही कल्पनामिश्रित मौलिक रुप दिएर समाजमा भन्ने सुनाउने गरेको पाइन्छ । धार्मिक नृत्यकर्म र पौराणिक आख्यान उपारख्यानसँग नेपाली जनजीवन निकटता रहेको हुनाले नेपाली समाजमा यस्ता लोककथाहरु प्रशस्त मात्रामा प्रचलनमा आएका देखिन्छन् । विभिन्न धार्मिक कार्य तथा संस्कार कर्मका अवसरमा पुरानसम्बन्धी कथाहरु सुन्ने सुनाउने चलन नेपाली समाजमा भएको हुनाले पनि लोककथा भन्ने तथा सुनाउनेहरुलाई यसले ठूलो राहत पुऱ्याएको छ । धार्मिक र पौराणिक ग्रन्थमा आधारित यस्ता कथाहरुले श्रोताहरुलाई भक्तिभावतर्फ उन्मुख गराउँछ भने कथामा प्रयुक्त पात्रका चरित्रले मान्छेलाई कल्पनाको भावलोकमा समेत विचरण गराउँछ । नेपाली जनजीवनमा जन्म, न्वारन, पास्नी, ब्रतबन्ध, विवाह आदि संस्कार कर्म र जन्माष्टमी,

रामनवमी, दशै आदि पर्व तथा एकादशी, पूर्णिमा, स्वास्थानी, शिवरात्री आदि ब्रतसँग सम्बन्धित धार्मिक एवम् पौराणिक लोककथाहरु बढी चलन चल्तीमा प्रयोग भएको पाइन्छ

### २.९.६ हास्यव्यङ्गमूलक लोककथा

लोकजीवन एउटा हास्यव्यङ्ग्यात्मक रङ्गमञ्च हो । यहाँ अनेक किसिमका स्वभाव, प्रवृत्ति र कार्यशैली भएको विविध जनजातिहरु रहन्छन् । घाँस दाउरा, वन जङ्गल गर्दा होस् या मेलापात, अर्मपर्म र घर बेसी गर्दा होस् जहाँ पनि रसरङ्ग, हाँसो ठट्टा, छड्के मजाक गर्ने प्रवृत्ति प्रचुर मात्रामा पाइन्छ । यिनै हास्यव्यङ्ग्यात्मक प्रवृत्तिहरु आख्यानकै रुपमा लोककथामा भित्रिएका हुन्छन् । अस्वाभाविक र अनौठा चरित्र भएका व्यक्तिहरुका आनीबानी गुण स्वभाव, यथार्थ, अनुकरण गरी श्रोतालाई हसाउने उद्देश्यले रचिएका लोककथाहरु यस अन्तर्गत पर्दछन् । यस्ता अनौठा र उदेक लाग्दा काथाले श्रोतावर्गलाई पेट मिचि मिचि हँसाउने काम गर्दछन् भने अर्कोतिर समाजको विकृति र विसङ्गतिका विरुद्ध व्यङ्ग्य प्रहार गर्दछन् ।

### २.९.७ मानवीय प्रवृत्तिमूलक लोककथा

लोकजीवनमा अनेक स्वभाव र प्रवृत्तिका मानिसहरु हुन्छन् । लोककथाले मान्छेका विशेष स्वभाव र प्रवृत्तिलाई विभिन्न रुपबाट व्यक्त गरेको हुन्छ । मानिस भित्र रहेका काम अघि लोभ मोह जस्ता प्रवृत्तिलाई कथा वक्ताले कथाको कथ्यवस्तु बनाएर समाजको सामु उदाङगो पारिदिएको हुन्छ । खराब चरित्रको पर्दाफास गरी सद्‌गुणको उदय गराउनु लोककथाको मूल उद्देश्य हो । सज्जन  तथा महान् व्यक्तिहरुको प्रशंसा, महिमागान र क्षमताको उल्लेख गरी तिनीहरुले समाजलाई दिएको योगदान र संस्कृतिको विशेष चर्चा यस्ता कथामा गरिएको हुन्छ । यस्ता कथाले समाजमा राम्रो प्रभाव छाडेको हुन्छन् । यस किसिमका कथाहरु मूर्ख, ठग धूर्त, लोभी, विश्वासबानी जस्ता खराब प्रवृत्ति भएका मान्छेहरुको चित्रण पनि समावेश हुन्छ ।

### २.९.८ प्रकृति जगत सम्बन्धी लोककथा

लोककथाको स्रोत अत्यन्त उर्वर रहेको छ । प्रकृतिका अनेक रुप जीवजन्तु पशुपंक्षी, रुख वृक्ष नदी पहाड, बादल आदि विषयका लोककथाहरु लोक मानसमा प्रशस्त भिजेका हुन्छन् । यिनै प्रकृतिका विभिन्न वस्तुहरलाई कथाको विषयवस्तु बनाएर अनादिकालदेखि मान्छेले कथा भन्दै सुनाउँदै आएको छ । यस्ता कथाहरुमा प्राकृतिक वस्तुहरु आपसमा मान्छे जस्तै कुराकानी गर्ने, परम्परामा मित्रवत् व्यवहार गर्ने र आफ्ना मनका भावनाहरु एक अर्कामा साटासाट गर्ने जस्ता कुराहरु पाइन्छ । यसैगरी उकले अर्कोलाई विपतबाट पार लगाई आफ्नो कार्य साधनमा ......... रहेको देखिन्छ । पशुहरुमा गाई र घोडाको सिधा, प्रवृत्ति र स्याल, खरायो , सिंह हात्ती, कुकुर आदिको कथाहरु प्रशस्त मात्रामा पाइन्छन् । पंक्षीहरुमा सुग्गा, मैना, भगेराहरु बुद्धिमान तथा काग बकुल्ला र लाटेकोसेरो आदिलाई पात्रका रुपमा उपस्थित गराईएको रोचक कथाको वर्णन पाइन्छ ।

यसका अतिरिक्त प्राकृतिक वस्तुमा ढुङ्गामाटो, पहाड, हिमाल, नदी, समेद्र, रुख-वृक्ष, फलपूल, मेघ आदि पनि पात्रका रुपमा कुराकारनी गर्ने र मानछेलाई अर्ती उपदेश दिने काम समेत कथामा यिनबाट भएको पाइन्छ । यस्ता प्राकृति पात्रहरु कथाको विषयवस्तु र प्रसङ्ग अनुरुप आफ्नो रुप परिर्वतन गरेर अर्को रुपमा प्रकट हुने गरेको पनि देखिन्छ ।

### २.२.९ देव तथा अतिमानवीय लोककथा

यस्ता कथामा विशेष गरी प्रकृति जगत् अर्थात भूमण्डल भन्दा भिन्न स्वर्ग, नरक, अन्तरिक्ष आदि लोक र यिनसँग सम्बन्धित देवीदेवता, अप्सरा, यमराज, यमदूत, भूत प्रेत किन्नर आदि दिव्य तथा अदभूत रहस्य र चरित्र भएका कुराहरुको विशद् चर्चा गरिएको पाइन्छ । देवी देवता अन्तर्गत शिवर्पावती, लक्ष्मी विष्णु इन्द्र इन्द्राणी, देवदूत, अप्सरा आदि दिव्य चरित्रहरुलाई कथाको विषयवस्तु बनाएर तिनका अलौकिक कार्य र घटनाहरुको उल्लेख गरेको कथामा भेटिन्छ । स्वर्गादि लोक र सुखको चाहना राखेर तपस्यामा लीन भएकाहरुलाई त्यसवाट विचलिन गराई देवताको कार्यसाधना हेनु अप्सराहरु प्रायः प्रयुक्त भएको देखिन्छ । कुनै कथामा त अप्सराहरु यौन आकांक्षाको उद्वेगका कारण आफ्नो कर्तव्यबोध र

उत्तरदायित्वमा चुकेर सर्मपित भई स्वर्गमा फर्किएको रोचक प्रसङ्ग पनि देख्न पाइन्छ ( पृथ्वी, २०६०:७०)

अन्तरक्षिमा रहेने भूत, प्रेत, ग्रहहरुले मर्त्यलोकका प्राणीहरुलाई अनेक रुपबाट दु:ख दिने र छल्ने गरेका अनौठा कथाहरु पनि लोककथामा पाइन्छन् । यस्ता खालका कथाहरु भू प्रकृति जगत्का भनदा भिन्न भएकाले देव तथा अतिमानवीय लोककथा वर्गमा राखिएको हो ।

# तेसो परिच्छेद

## ३ पाँचथर जिल्लामा प्रचलित लोककथाहरुको सङ्कलन

### ३.१ लोककथाको  सङ्कलन परम्परा

मानव समाज र सभ्यतासँगै लोकसाहित्यको पनि उठान भएको छ । लोक साहित्य लोकको सम्पत्ति हो । मान्छे जब सांस्कारिक युगमा प्रवेश गर्दै गयो । आफ्ना अनुभव र अनुभूतिलाई उसले व्यक्त गर्दै गयो । यसैले लोकसाहित्य लोकानुकुल र लोकानुभूतिको समिश्रणबाट उठेको साहित्य हो । लोकसाहित्य अर्न्तगतको विधा लोककथा पनि श्रृतिपरम्परावाट हुर्कदै वर्तमानसम्म गतिशील रहेको छ ।

नेपाली लोककथाको क्षेत्रमा विभिन्न अन्वेषकहरुले शोध गर्दै आउका छन् । नेपाल प्रज्ञा प्रतिष्ठानबाट नेपाली लोककथा (२०३२) तुलसी दिवसको सम्पादकत्वमा प्रकाशित भएको छ ।  धर्मराज थापा र हंशपुरे सुवेदीद्वारा लिखित नेपाली लोकसाहित्यको विवेचना (२०४०), मोतीलाल पराजुलीको धर्मातमा राजा नेपाली लोककथा सङ्ग्रह श्रङ्खला (२०५९) आदि पुस्तकहरुले लोककथाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका छन् । (ज्ञवाली, २०६१:९६)

लोककथाको सङ्कलन्, विश्लेष र अध्ययनका लागि जारी रहेका अनुसन्धानहरुले अध्ययन परम्परामा विशेष भूमिका निवार्ह गरिरहेका छन् । प्रारम्भिक अवस्थाबाट उठान भउको लोककथा वर्तमान सम्म निरनतर खोज अनुसन्धानको विषय बनिरहेको छ । नेपालको पुर्वी पहाडी क्षेत्रमा अवस्थित पाँचथर जिल्ला पनि लोककथाको लागि सम्पन्न जिल्ला हो । यहाँका जनजीवनका समयमा अनेक क्रममा यस प्रकारको कथा भनदै सुन्दै र सुनाउँदै आएको पाइनछ । तर मौखिक रुपमा श्रृति परम्परामा मात्र निहति रहेको लोककथालाई वतृमान समयसम्म आइपुग्दा सङ्कलन गरिनु पर्ने आवश्यकता टड्कारो रुपमा पर्न गएको छ । त्यसैले पुस्तक शोधपत्रको प्रयोजको लागि पाँचथर जिल्लामा प्रचलित केही लोककथा सङ्कलन गरिन्छ । यसवाट आगामी दिनमा लोककथाका अध्येताहरुलाई सहयोग पनि पुग्नेछ ।

## ३.२. पाँचथर जिल्लामा प्रचलित लोककथाहरु

### ३.२.१ सोक्पाको कथा

एका देशमा एउटा गाँउ थियो । त्यस ठाउँका मानिसहरु खेतीको लागि गाउँ बेसी गर्दथे र प्रशस्त गाईवस्तु पाल्दथे । उनीहरुको बेसी लगभग आधा दिनको बाटो टाढा थियो । उनीहरुको गोठ प्रायः बेसीमा नै थियो । त्यो ठाउँको उकातर्फ तमोर नदी सुसाउँदैथ्यो अर्कोतर्फ ककृलेको ठाडो भीर थियो ।

त्यस ठाउँको माथिल्लो भेगमा पीपलको ठूलो बोट थियो । त्यही पीपलको बोट नजिकै एउटा घर थियो । गाउँलेहरु त्यस घरलाई पीपलबोटे घर भनने गर्दथे । त्यस घरमा बूढा बूढी र उनीहरुका एउटा छोरो बस्दथे । छोरीको भने पहिले नै विवाह भएसकेको थियो । बूढाबूढी असक्त भएकाले गोठमा प्रायः उनीहरुको १४ वर्षे छोरो नै बस्ने गर्दथ्यो । सबै गाईवस्तुहरु गोठमा नै भएकाले हप्तामा दुई पटक जति दुध, दहि र ध्यू लिए घर जाने गर्दथ्यो र घरबाट फर्कदा गोठका लागि अन्न, नुन आदि लिएर फर्कथ्यो । उसको गोठ अरु गाउँलेको भनदा निकै टाढा थियो । केटीलाई एक्लै बस्न डर लागेकाले डराइ गोठमा बस्ने गर्दथ्यो । रातभर आगो बालेर नै सुत्ने गर्दथ्यो ।

केटो दिनभर गाईवस्तु चराउन तमोर नदीको छेउछाउ जान्थ्यो बेलुकी गाईवस्तु लिएर घाम पहेँलो नहुँदै गोठमा फर्कन्थ्यो । गोठमा बाँधेका साना बाच्छाबाच्छीहरु भोकाएकाले छिटो छिटो गरेर गाई दुहुन्थ्यो तर कहिलेकाही राखेका सामानहरु यता उता चलाएका हुन्थे । दूध जमाएको ठेकी पनि रितै हुन्थ्यो, ध्यूको हर्पे पनि रितै हुन्थ्यो । उसले केही बुझ्न सकेको थिएन के भएको भनेर । उसलाई दिउसो आफू नभएको बेलामा चोर आएछ भनी शंका लाग्यो । तैपनि आँखाले नदेखुञ्जुलसम्म पुरै पत्याउनु पर्ने अवस्था रहेन् । यो क्रम दिनहु चलिरह्यो ।

एकदिन सधैं जसो गरी केही गाई लिएर फर्क्यो । गाई दुहुने काम सकेर आफूले पनि भात पकाए खायो । त्यो साँझ मही पार्ने पालो भएकोले मही पारिसकेर ध्यू निकाल्दै थियो । दुहुना गाईवस्तु धेरै भएकाले ध्यू पनि प्रशस्त हुन्थ्यो । त्यसैबेला गोठको ढोकामा केही आवाज आयो । आवाज आएतर्फ केटोले आँखा पुऱ्यायो र केटो झस्कियो । केटो निकै आत्तिए जस्तो देखिन्थ्यो किनकि ढोकामा सोक्पा थियो । उसले आज भन्दा अघि कहिल्यै सोक्पालाई

प्रत्यक्ष देखेको थिएन र आफ्ना बुबा आमाबाट सोक्पासम्बन्धी कुराहरु भने सुनेको थियो । उसका बुबाले भन्ने गर्दथे सोक्पा देखि डराउनु हुँदैन उनीहरु खाने कुराको गन्ध थाहा पाएर आएका हुन्छन् केही खान दियो भने गई हाल्छन । आफ्ना बाबुले भनेको यो कुरा सम्झेपछि केटामा केही साहस आयो । ऊ भित्र धेरै डराएपनि बाहिर नडराउ जस्तो गर्दथ्यो । उसले महि पारेको र नौनी ध्यूको वासना थाहा पाएर दिउसो गोठमा आउने गरेको सोक्पा अहिले पनि आएको हो । भन्ने कुरा सहजै अनुमान गऱ्यो । यतिञ्जेल सम्ममा सोक्पा छेउमा नै आएर बसिरहेको थियो । केटोले ध्यू खानका लागि नै सोक्पा आएको हुन सक्ने अनुमान गरेर र्कालाको पातमा नौनीको कल्लो राखी दियो । सोक्पाले नौनी खूब मिठो मानी मानी खायो र हिँड्यो । सोक्पा आउने गोठका सामान खोजतलास गरेर खानेकुरा खाने र बेलुकी यही पारेका दिन ध्यू खान आउने क्रम बढ्दै गयो ।

सोक्पाले धेरै दुःख दिन थालेकाले केटो अन्यन्त चिन्तित थियो । अबत दूध दही र ध्यू सबै सोक्पालाई नै नपुग्ने भो, घर लैजाने केही सामानै छैन । त्यसकारण ऊ यसपटक रितै घर गयो । घरमा आमाबाबु समक्ष उसले यही कुरा भन्थो उसबेलामा उसका बुबालाई पनि सोक्पाले अत्यत्त दुःख दिएकाले उनले छोरालाई जुक्ति बताए । बाबुको जुक्ति अनुसार सोक्पा आएका बखतमा केटाले सोक्पा लाई नौनी खान दिएर पिरामा बस्न लगायो । त्यसपछि केटा आफ्ना शरीरमा हल्का किसिमले नौनी दल्यो भने सोक्पालाई सल्लाको खोटो दल्न लगायो । केटाले झैसोक्पाले पनि शरीभरि सल्लाको खोटो दल्यो । त्यसपछि केटाले अगेनाका छछेउमा गएर आगो तापे जस्तो गऱ्यो । केटाको नक्कल गदै सोक्पा पनि अगेनाका छेउमा गएर आगो ताप्न मात्र के लागेको थियो भुत्लै भुत्ला टाँसिएको सल्लाको खोटोमा आगो सल्कियो । जीउ भरि फैलिएको आगोले पोल्न थालेपछि छट्पटिदै सोक्पा बाहिरियो । त्यस पछिसोक्पा कहिल्यौ देखापरेन सायद मऱ्यो  कि भन्ने त्यो केटाले अनुमान गर्‍यो ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला
भन्नेवेलामा सुटुक्क आइजाला ।

### ३.२.२ अन्धाको भाग्य

एका देशमा धेरै समय अघि कुनै एउटा गाउँमा एउटा अन्धो मानिस बस्थ्यो । त्यो मानिस जन्मैदेखिको अन्धो थियो त्यसकारण जीविकाको लागि गाउँघरमा मागेर पेट पाल्दथ्यो । त्यो अन्धो गाउँ घरमा माग्न आएपछि कुकुर भुकेर उसलाई खेदाउँथ्यो र ऊ हाम्री माग्न पनि पाउँर्दथ्यो गाउँलेले पनि भर्कोफर्को गर्न थालेकाले अब उसले मागेर खानु भन्दा भोकै बसेर प्राण त्याग गर्ने विचार गरेर गाउँको सिरानमा रहेको पीपलको बोट मुनि बस्यो ।

माघको जाडोमा भोकै रहँदा अन्धालाई धेरै गाह्रो भयो त्यसकारण मन भुल्याउन उसले शिव भन्न थाल्यो । अन्धाको त्यो भुलाइ अव तपस्या र जपमा परिणत भइसकेको थियो । एकदिन अन्धोको त्यो पुकार कैलाशमा रहेकी पार्वतीले सुनिन र महादेवसँग उसको अभिलाषा पूरा गरी दिन अनुरोध गरिन । पार्वतीको आग्रह टार्न नसकेर महादेवले अन्धो भएका ठाउँमा गएर भनेछन्  तिम्रो तपस्या र जयबाट म खुसी भएँ । तिमीलाई चाहिन्छ एक थोक वरदान माग । महादेवको कुरा सुनेर अन्धो आपत्मा पर्‍यो र विचार गर्न लाग्यो । किनकि एकापटि उसको आँखा छैन भने अर्कातर्फ घरबाट सम्पति केही पनि छैन त्यसकारण कुन चाहिँ मागु भनेर विचार गरी आखिरमा बिन्ती गर्न थाल्यो ।

"घरमुनि बारी बारीमुनि खेत
माझका तलामा साहिंली बुहारीले
सुनका थालमा भात खाएको
यही फुटेका आँखाले देखू"

अन्धाले जुक्ति बुद्धि लगाएर वरदान मागेकाले महादेव पनि खुसी भए र तवास्तु भनी त्यहाँबाट हिडे त्यसको केही समयपछि उसका आँखा पनि ठीक भए। उसले दाजुभाइ नभएकी एउटी धेरै धनी कन्या भेट्यो र विवाह पनि गर्‍यो । उसका चारवटा छोरा भए र ती छोराहरुकी बुहारी मध्ये साहिँली धेरै चलाख र बुद्धिमानी थिई । उसले माइतबाट प्रशस्त

दाइजो पनि ल्याई । उसले चारवटा तलाको घर पनि बनायो त्यसपछि छोराबुहारी र प्रशस्त धन सम्पतिका साथ आनन्दले बस्न थाल्यो ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला
भन्नेवेलामा सुटुक्क आइजाला ।

**३.२.३ टुहुराको पनि अवश्य दिन फिर्छ**

एउटै टुहुरो केटो थियो आमाबाबु नभएका कारण ऊ विहा गरीसकेकी दिदीका साथ बस्थ्यो । दिदीले भाइलाई बिहान बेलुकी घरको काम लगाउँथी र दिउसो गाई चराउन पठाउने । घरमा रहँदा पनि दिदीले भाइलाई भेदभाव गर्थी आफ्नो लोग्नेलाई र छोरा छोरीलाई मिठा खानेकुरा चामलको भात दिर्न्थे । भने भाइलाई ढुटाको रोटी, सिस्नुको साग, बोराको ओढ्ने बोराकै कपडा र सुत्नको लागि ढोकाको कुनामा ठाउँ दिदिँरहिन्छे । उसले केही कुरा सम्झाउनु बोलाउनु पथ्र्यो भने कुचाले हान्दी रहिछे । यो उसको लोग्नेलाई समेत थाहा थिएन् ।

एकदिन त्यो केटो सधैंझै ढुटाको रोटी बोकेर गोठालो गएछ । त्यसदिन चाडपर्व परेको हुनाले अरु गोठालाले ल्याएको मिठो रोटी उसलाई दिएन । उसले त्यो ढुटाको रोटी कुनै एउटा रुखको टोड्कामा राखेछ र भोलिपल्ट आएर खोजेछ । रोटी खौज्दै जाँदा उसले एउटा दूधको पोखरी पनि फेला पारेछ । त्यो पोखरी वनका भैंसीहरुले आफू चर्न गएका बेला स-साना पाडापाडी नभोकाउन भनी जम्मा गरिदिएका रहेछन् । उसले त्यो दूध पिएर पोखरी नै सुकाइदिएछ । उता दूधको पोखरी सुकेको र आफ्ना पाडा-पाडी भोकाएको थाहा पाएर कसले दूध खायो होला भनेर एउटा भैंसी चियो गर्न बसेछ । दिउसो मध्यान्हमा त्यो भैसीलाई तिर्खा लागेछ र पानी खान नजिकैको तलाउनमा गएछ । जब भैंसी पानी खान तलाउमा गयो तर केटोले दूधको पोखरी नै सुकाइ दियो । अर्को भैंसी चियो गर्न बसेछ । उसलाई पनि तिर्खा लागेर पानी पिउन गएका बेलामा केटाले दूधको पोखरी रित्याइदिएछ ।

भैसीले यो कुरा रागालाई सुनाइ दिएछन् र एउटा राँगो अर्को दिन आएर चियो गर्न बसेछ । राँगोले केटालार्य दूध पिएर हतपत्त रखमा गएर लुक्ने गरेको चाल पाएछ  र रुखको फेदमा गएर सिँगौरी हान्न थालेछ । त्यस बीचमा रागोले केटालाई भनेछ “मेरो ढाडमा हाम फाल्यौ भने सम्पूर्ण राँगा र भैंसीको मालिक बनौला नत्र म रुखसहित ढालेर मारिदिन्छु” । केटोले साहसका साथ राँगाको ढाडमा हामफाल्यो र जुरुक्क अभियोग पनि त्यसपछि ऊ सम्पूर्ण भैंसीको मालिक बन्यो ।

उता उसकी दिदीका गाईवस्तु जङ्गलबाट चरेर साझमा घर फकिए तर भाइ आएन भाइ नआएकोमा दिदीले खासै चिन्ता प्रकट गरिन । लोग्ने र छोरा छोरीले सोध्दा ऊ आफ्नै घर गयो भनने जवाफ दिई । यसका धेरै वर्षपछि त्यो केटो प्रशस्त दूध, दही र ध्यू बेचेर धेरै धनी बन्यो । उसले जङ्गल नजिकै धेरै जमिन किन्यो । भैंसी र राँगालाई बाध्ने गोठ पनि बनायो र एउटी राम्री केटी विवाह गरेर आनन्दका साथ जीवन बिताउन थाल्यो ।

यसै बीचमा एकदिन दिदी चाहिले कसँको माध्यमद्वारा भाइको बारेमा सुनी त्यस बेला मात्र मेरो माइती भन्दै भाइ धनी भएको कारण भाइका घरमा पुगी । त्यहाँ भाइले अचानक गरेको प्रगति देखेर मित्र भित्रै जल्न थाली र भाइसँग एउटा भैंसी दाइजो मागी भाइले भैंसीको घाँटीमा बाध्ने घण्टी तयार भएपछि लानु भन्यो र कामी कहाँ गएर ढोकाको कुनामा बास, ढुटाको रोटी, सिस्नुको साग, बोराको ओछ्यान र कुच्चाको चोट” भन्ने आवाज निस्क्यो । यो कुरा दिदी, उसको लोग्ने र छोराछोरी सबैले थाहा पाए र दिदीले भाइ प्रति गरेको दुर्व्यवहार सम्झेर माफी माग्न गए र सबै जना मिलेर आनन्दका साथ बसे ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला
भन्नेवेलामा सुटुक्क आइजाला ।

### ३.२.४ राक्षसनी बूढीको कथा

एकादेशमा कुनै ठाउँमा दुइजना बूढाबूढी र उनीहरुका स-साना दुई जना छोरा छोरी थिए । छोरीजेठी र छोरा कान्छो उमेरका थिए । बूढाबूढी काम गर्न त्यति नसक्ने भएकाले

उनीहरुलाई दुःख नै थियो । त्यसैले बूढी माइत गएर आफ्नो भाइसँग मागेर एउटा गाईको राम्रो बाच्छो लिएर आई त्यो बाच्छो उनीहरुको घरमा आएपछि उनीहरुका घरमा राम्रो लक्षण देखिन थालयो । उताउतीबाट थोरै तिनो आम्दानी पनि हुन थाल्यो र घरको अनाज पनि बचत हुन थाल्यो । उनीहरुमा आएको यो परिवर्तनले अन्य छिमेकीहरु अचम्ति भए ।

केही समयपछि उनीहरुका छोरा छोरी ठूला भएछन् छोरी घर भित्रको काममा सिपालु भइछे भने उसको भाइ घरबाहिरको गाई चराउने, जङ्गल जाने इत्यादि काममा जाँदो रहेछ । उसले गाई चराउन जाँदा गाईका लागि भनेर घाँटीमा झुन्डाउने एउटा घण्टी पनि बनाउन लगाएछ । त्यो घण्टीलाई कुनै कुरा भन्न लगाएको बेलामा मीठो स्वर निकालेर बोल्दो पनि रहेछ । यस बीचमा बूढाबूढी धेरै रोगाएकाले मरेछन् । बूढाबूढीको मृत्यु पछि ती दिदी र भाइ टुहुरा भएछन् । तै पनि बाँच्नै पर्ने भएकाले उनीहरु आफ्नो नियमित काममा अवमलिन थालेछन् ।

दिदी आफ्नो घरको काममा र भाइ जङ्गलमा गाई चराउने काममा व्यस्त भएर दिनहरु बिताउँदै गएछन् । भाइले राम्रा गीतको रचना गरेर गाउन सिकेछ । उसले दिदीले घरमा काम गरेका हरेक क्रियाकलापमा आधारित भएर गीत बनाउन थालेछ । त्यही गीत गाउँदै बेलुकी जङ्गलबाट घर फर्कदो रहेछ ।

मालेकाले गाई आयो बाँध दिदी बाँध ।
भँगेराले धान खायोहान दिदी हान ॥

एकदिनको कुरा हो त्यो टुहुरो केटो गाई चराउँदै गर्दा थकाइ लागेकाले एउटा ठूलो ढुङ्गामा पल्टेको मात्र के थियो त्यही भुसुक्कै निदाएछ । त्यसै बेला एउटी भयानक राक्षसी बूढी आइछे र सुतिरहेको केटालाई देखिछे । त्यस साक्षसनी आज त निकै गतिले शिकार फेला पारे भनेर मनमनै खुसी पनि भइछे । उसले आफ्नो तान्त्रिक मनोबलद्वार केटालाई ब्युँझाएर आफ्नो ओढाएको दरबारतिर लगिन्छ । त्यो सबै घटना चरिरहेको भाइले पनि थाहा पाएछ र घण्टीमा त्यही कुरा गीतका लयमा बजाउदै बजाउदै घर तिर लागेछ । घरमा पुगेर बजाएको घण्टीबाट दिदीले सबै कुरा थाहा पाइने  तै पनि भाइ कुनै कामले हिँडेको होला आउला भनी बाटो हेर्दै सुतिछे । भोलि बिहानमासम्म पनि भाइफर्केर नआएपछि उसलाई

ठूलो चिन्ता परेछ र ऊ भाइको खोज ीगर्न घरबाट निस्किछे । उसलाई बाटो देखाउने काम गााईले गरेछ । धेरै पर पुगेपछि ऊ भाइले गाई चराउने ठाउँमा पुगिछे  र ठूलो स्वरमा भाईलाई बोलाउन थालिछे आफूले कब्जा गरेको सिकारको नाम लिएर कसैले बोलाएको सुन्दा राक्षसी बूढी आँधी खुसी भइछे र उसले दिदीलाई पनि तान्त्रिक विधिद्वारा मोहित गराइछे । ओढारमा दिदी र भाइको भेट भएछ । दिदी अत्यन्त बढी थिई त्यसैले उसले भाइलाई राक्षनी बूढीका अगाडि नचिनेको जस्तो बहाना गर्नु भनेर अहाइछ । भाइले पनि दिदीको आदेश पालना  गरेछ र राक्षस्नी बुढीका अगाडि बोल्दो रहेनछ । बढी पनि दिनमा ती दुई केटा केटीको खूब निगरानी गर्दै रहिछ तर रात ीभने सिकारुको खोजमा जाँदी रहीछ । बूढीले ती दुई केटाकेटकिा लागि गोवरको रोटी र किराको सब्जी दिदी रहिछन् तर तिनीहरुले बूढीका अगाडि खाए जस्तो मात्र गरेर प्याकि दिने रहेछन् जब बूढी रातको बेलामा बाहिर निस्कन्छे तब दिदी भाइको गाई आएर उनीहरुलाई पेटभर दूध दिँदो रहेछ ।

एकदिन बूढी रातको समयमा सिकारको खोजमा बाहिर गई बूढी आएको र गएको सबै वृतान्त उनीहरुले थाहा पाउँथे किनकि ऊ ठूलो कर्कश आवाजका साथ हिड्ने गर्थी र उसले बोल्दा सम्पूर्ण वरिपरिको वातावरण नै प्रभावित हुन्थ्यो । बूढी नभएको मौकामा उनीहरुले बूढीले कहिल्यै नखोल्ने कोठाको ढोका खोलेर हेरे । त्यहाँ भित्रका सुन, चाँदी, हिरा मोती लगायतका बहुमुल्य खाजना देखेर उनीहरु आतिए त्यसपछि दिदीको योजना अनुसार उनीहरुले बूढीलाई आमा जत्तिकै मानेर मान सम्मान स्याहार सुसार गर्न थालेछन् उनीहरु एकदिन बूढी समक्ष चाडपर्व आयो त्यसकारण सेलरोटी पकाएर खाने मनसाय व्यक्त गरेछन् । बूढीलाई पनि उनीहरुको कुरा त्यति अनुचित लागेनछ र समान जोहो गर भनिन्छ । उनीहरुले पनि समान जोहो गर्ने तर पकाउन नआउने भनेर बूढीलाईपकाइदिन अनुरोध गरेछन् । त्यस योजना अनुसार उनीहरुले चामलको पिठो दाउरा, तेल, कराहीको व्यवस्था गरेछन् तर तेलमा भर्न मट्टितेल ल्याएछन् । धेरै बेर दाउरा दन्काएर कराही तताएर रातै पारेपछि उनीहरुले बूढीलाई पकाउन बोलाएछन् । बूढी आएर हेर्दा तेल नहालेको कराही मात्र देख्दा खोइ तेल भनी ल्याउन लगाइछ । दिदीको पालो परबाट मट्टितेलको भाँडो समाउन दिएर टाठै उभिन्छ । उत्ता बूढीले तेल कराहीमा खन्याउन लाग्दालाग्दै तातो कराहीको र आगोको लप्काको कारण झयाप्पै आगोले समातेछ र पूरै शरीर जलेर मरिछ ।

त्यसपछि दिदी भाइले भएभरको सारा सम्पति लिएर घर गइ धेरै जग्गा जमिन नोकर चाकरका साथ आनन्दले जीवन बिताउन थालेछन् ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला
भन्नेवेलामा सुटुक्क आइजाला ।

**३.२.५ तर्साउने पाटीको कथा**

एका देशमा कुनै ठूलो जङ्गलका बीचमा एउटा धर्मशाला थियो । मूलबोटोमा पर्ने धर्मशाला भए पनि त्यँहा कोही पनि बटुवा बसोबास गर्दैनथे । यदि त्यस पाटीमा बास बस्नु परे पर्ने अवस्था आयो भने राँको बालेर भएपनि उनीहरु अर्के ठाउँमा गएर बस्थे । यदाकदा दिउँसो गाईवस्तु चराउने गोठाला मात्र त्यस क्षेत्रमा आए पनि पाटीमा नै आएर बस्दैनथे ।

त्यो पाटी भन्दा केही पर खोलाको किनारको खेतीमा केही मानिस दिउसो काम गर्न आउँथे तर साँझ पर्नु अगावै उनीहरु त्यहाँबाट टाढा हुन्थे । मध्यान्हको घाममा गोठाला गोठालीहरु त्यो धर्मशालाको नजिकसम्म पनि जाँदैनथे । सबै जना त्यो धर्मशालादेखि डराउँथे किनकि साँझ पर्नासाथ त्यहाँ तर्साउने गर्दथ्यो ।

त्यो तर्साउने पाटीलाई पहिले वीरमान पाटी भन्ने गर्ने । एकदिन अर्कै ठाउँका धनी व्यापारी बाबुछोरा त्यही बाटो हुँदै व्यापार गर्न हिडेछन् । दुर्भाग्यवश उनीहरु गलत गन्तव्यतिर लागेछन् र रात छिप्पिदै जाँदा एउटा ठूलो सिमलको रुखको फेदमा बास बस्न पुगेछन् । उनीहरुले सोचे हामी दुई मात्र छौ भनेर तर उनीहलई धेरै परेको गाउँदेखि पछ्याएर आउका डाका हरुबारे थाहै भएन् । रातको समयमा एक्कासि चारैतिरबाट डाकाहरुले छेकेर धनमाल लुटे । उनीहरुले बाबुलाई  पाताकसेर रुखमा बाँधे तर छोरोलाई छुरी धसेर मारी दिए । बिचरा बाबु आफ्नै आखाँ अघि छोरोको विभत्स हत्या भएको हेर्न विवश भए र रातभर रुँदै उज्यालो पारे ।

जव बिहान भयो , खोला छेउको खेतीमा काम गर्ने मानिसहरु देखा परे । उनीहरुले कता कता मानिस कोहोलो हाल्दै रोएको जस्तो सुने । कसैले त्यस आवाजलाई बर्साएको भने

कसैले पशुपंक्षीको आवाज हो भने तर उकजना मानिसलाई पत्यार नलागेर आवाज आउका दिशातर्फ खोज्दै हिड्दा रुखमा बाँधिएको जिउँदो मानिस र थोरै पर पेटमा छुरा धसेर मृत अवस्थामा रहेको अर्को मानिस भेटाए । व्यापारीले सबै कुरा भनेपछि गाउँले सबै मिलेर छोराको सद्गत गरे । त्यसरी रुखका फेदमा व्यापारीको छोराको हत्या भएपछि त्यही रुख्लाई ढालेर व्यापारीले छोराको नाममा एउटा धर्मशालाा बनाउन लगाएछन् । धर्मशालाा बनिसकेपछि व्यापारीले पनि त्यही आफ्नो देहत्याग गरेछन् ।

बनको माझमा धमृशाला बनेपछि बाटो हिड्ने बटुवा ढाक्रका हुलहरु बास बस्न लागे तर उनीहरुलाई रातभर तर्साएर सुत्न दिदैनथ्यो । ठूलो आगोको धुनी जगाएर बस्दा पनि कसैको ओढ्ने तानेर, कसैलाई सुतेको ठाउँबाट घिसारेर पर लगेर, कसैलाई उडाएर माथि पुऱ्याएर तसाई रहन्थ्यो । त्यसकारण बास बस्ने बटुवाको हुल राती नै भागेर आफ्नो बाटो तताउँथे । त्यहाँ धर्मशाला बनेपछि खोला छेउमा खेती गर्ने मानिसहरु आएर बस्ने गर्थे तर बस्नै सक्दैनथे । रातमा मात्र नभएर दिउसो पनि तर्साउन थाले पछि मानिसहरु दिउसै त्यो धर्मशाला पस्न डराउन थाले । गाउँलेहरुले नतर्साओस् भनेर स्वस्तिशान्तिको लागि कति सप्ताह, वेद, रुद्री पाठ लगाए तर तर्साउन भने कति पनि कम भएन् ।

एकदिन एकजान मानिस ससुराली जान भनेर घरबाट हिँडेछ । उसको ससुराली पुग्न त्यही धर्मशालाको बाटो भएर हिडेनु पर्थ्यो । उसको ससुरालीलाई कोसेली स्वरुप खोलाको ताजा माछा पनि बोकेको थियो । बिवाह पछि ससुराली  उसो नगएको हुनाले बाटो कतापट्टि हो भुलेर जङ्गतको लामो बाटो पुगेछ । रात छिप्पिदै गएको हुनाले जङ्गलका जनावरको डर बढेदै गएको थियो । ऊ कतै सुरक्षित बासस्थानको खोजीमा थियो । अचानक उसका अगाडि देखिएको त्यो धर्मशाला नै उसका लागि उचित आश्रयस्थल थियो । धर्मशालााभित्र माथिललो चोटाबाट कसैले खोकेको आवाज पनि सुन्थ्यो । यसो चोटातिर चियाएको त एउटा मानिस पिलपिल आगो बालेर एक्लै धुमधुम्ती बसिरहेको रहेछ । पाटीमा साथी भेटियो भनेर ऊ ढुक्क भयो । ऊ पनि माथि उक्लेर ऊसँगै गएर आगो ताप्दै बस्यो । रात छिपिदै गएपछि धर्मशालामा भएको मान्छेले भन्यो । 'त्यो के हो ? माछामाछाको गन्ध आउछ नि।' ससुराली जाने मान्छेले भन्यो । 'हो अलिकति माछा छन् तपाइ नि चाख्नुहुन्छ ?' गोडादशेक माछा झिकेर उसका अगाडि राखिदियो । त्यो मान्छेले यसो सेकाए झैं गरेर ती

माछा कप्ल्यककुप्लुक एकै सासमा खाएसक्यो र फेरी माग्यो । त्यो पनि खाएपछि चुपचाप पेरुङ्गोबाटै आफै माछा झिकेर खान थाल्यो । त्यो मान्छेले एकैछिनमा सबै मादा सिध्यायो । त्यसपछि त्यो परदेशीलाई शङ्का लागेछ र नियालेर हेरेको त भयङ्करको अनुहार त्यसमा तीनवटा आँखा, कहिले नाकबिलाउने, कहिले मुख बिलाउने हुँदो रहेछ । त्यपछि मात्र परदेशीलाई यो त मान्छे होइन रहेछ भन्ने शङ्का लाग्यो । नभन्दै त मुर्कट्टा रहेछ । परदेशीले अब मरिने भइयो विचार गऱ्यो तै पनि यसो पछाडि हेर्दा झयाल खुल्लै देख्यो र जे पर्ला भनेर “ हे भगवान् बचाऊ” भन्दै झयालबाट हाम फल्यो र नजिकैको बुट्यानमा घोप्टो परेर सुत्यो ।

भोलिपल्ट बिहान खोला छेउमा खेत ीगर्न आउने मानिसले अचेत अवस्थामा लडिरहेको त्यो परदेशीलाई भेटाए । उसको धुकधुकी मात्र बाँकी भएकाले धामी जैसी अनेक उपायद्वारा होस खुलाइयो । त्यसपछि उसले राती भएका सबै घटना एकै सासमा ती मानिसलाई बतायो । ती मानिसले उसलाई “ किन त्यस ठाउँमा बसेको, त्यस त दिउसै तर्साउछ भने पनि त्यो परदेशीले पनि अतिएको आत्यियो आँखै चिम्ल्यो । ती मानिसले नै उसको पनि सद्भागत गरी दिए र त्यो पाटीले धेरैको ज्यान लियो भनेर पूरै पाटी जलाइदिए । खोला छेउका मानिस पनि एक्लै खेती गर्न आउन छाडे र त्यो पाटीको छेउबाट पनि हिँड्न छाडी दिए ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला
भन्नेवेलामा सुटुक्क आइजाला ।

### ३.२.६ फूलौरा फल्ने रुखको कथा

एका देशमा एउटी आइमाइ सुत्केरी भइछे र ऊ बाट एउटा बालक जन्मेछ । त्यो बालकले मूल नक्षत्र भेटेर जन्मेकोले केही दिनमा बाबु मऱ्यो । आमाले जसोतसो दुःख गरेर पाली र दुई बर्षपछि ऊ पनि मरी । त्यो केटाका नजिकका आफन्तहरु एकाएक गदैं मरेर मानिसले दयामायाले दिएको खानेकुरा खाने गर्दथ्यो र पाटीमा सुत्थ्यो ।

असोज महिनामा श्राद्ध सुरु भयो । दिनहुँ जसो कतै न कतै श्राद्ध परिहन्थ्यो त्यो केटो पनि मानिसका घर आँगनमा बस्थ्यो र खाएर आउँथ्यो । यसरी उसले श्राद्धका अरु खानेकुरा खाइसके पनि फुलौरा भने नखाई जोगाएर राखेको थियो । उसले ती फुलौरा एक ठाउँमा राख्यो । एक बर्षपछि त्यहाँ एउटा फुलौराको ठूलो रुख भयो र फुलौरा फल्न पनि थाले । त्यो केटो दिनहुँ त्यही रुखमा चढेर फुलौरा खाएर पेट भर्ने गर्दथ्यो । एकदिन केटीले रुखमा चढेर फुलौरा टिपेर खाइरहेको  बेला रुखमुनी एउटी राक्षरनी बूढी आएर फुलौरा माग्न थाली । राक्षसनीले केटालाई भन्दा भनेर साइनो लगाउन थाली र भनी तँ नजन्मिदै मेरो विवाह धेरै टाढा भएको त्यसबेला देखि मैले माइत आउनै पाइँन । यति सुनेपछि केटाले रुखबाटै ढोगी दिएछ र फुलौरा पनि फालिदिएछ । त्यसपछि राक्षसनीले भनिछ “तैले फालेको फुलौरा त सबै हिलोमा खसे, मैले एउटा पनि पाइन मत भोले मर्ने भएँ केटाले टाढाछन् अब त सक्दिनँ भन्दा बूढीले म जसो भन्छु त्यसो त्यसो नै गर्नु भनिन्छ र सुकेको रुखको हाँगोमा टेकेर सुकेको हाँगामा नै समात्नु भनिछ । त्यस कुरालाई मान्दा केटो रुखको हाँगा भाँचिएर तल झरेछ र राक्षस्नीले बर्कर आफ्नो घर लगिन्छ । घरमा, लगेर छोरीलाई भनिन्छ “तँ यसलाई पकाएर राख्न म फेरि सिकार गरेर आउँछु” । त्यसपछि उसकी छोरीले ठूलो कराहीमा तेल उमाली छ । त्यस बेला त्यो केटाले छोरीलाई भनेछ लौ तेल त डढेछ तेरो छायाँ देखिने भएछ, आइज त हेर्न । राक्षस्नी छोरी आएर निहुरिएर हेर्न लाग्दा पछाडिबाट धकेलिदिएछ र केटीको मासु पकाएछ अनि उसैको लुगा लगाएर बसेछ । केही बेरपछि राक्षस्नी पनि छोरीलाई बोलाउँदै आइछ। केटाले बूढीलाई मासु दिएछ । बूढीले आफ्नी छोरीले लगाएको औलाको औँठी चिनिछ र केटालाई खेदाउँदै जान लाग्दा केटाले थुपारेको गोबरमा सिँढीबाट चिप्लेर लडेर त्यही तेलमा परेर मरिछ । त्यसपछि केटो त्यहाँबाट आफ्नै गाउँ फर्किएर त्यही फुलौरा टिप्दै खान थालेछ ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला
भन्नेवेलामा सुटुक्क आइजाला ।

### ३.२.७ एक खुट्टे राक्षसको कथा

एका देशमा पहाड र मधेस गर्ने मूल बाटोमा एउटा भयङ्करको ठाडो भीर पर्दथ्यो । त्यो भीर मूनि तमोर नदी बग्दथ्यो । मानिसहरु तमोर गड्तिर भएर हिँडथें । त्यो बाटोको विशेषता भनेको डरलाग्दो भीर थियो । त्यसै गरी त्यहाँ बेला बेलामा बोटो हिडेने बटुवालाई राक्षसले पनि दु:ख दिने गर्दथ्यो । त्यसैले मानिसहरु पनि त्यो बाटो हिडेने त्यति रुचाउँदैनथें ।

एक समयको कुरा हो जोरसाले गाउँ तिर बाट कुनै उउटा परदेशी मधेस गएर केही सरसामान किनेर ल्याउनु पऱ्यो भनी त्यही भउर जाँदैथ्यो । परदेशी एक्लै थियो त्यसकारण उसलाई जसरी पनि कुनै निश्चित स्थानमा गएर बास बस्नु थियो । हिड्दाहिडेदै उसले बाटामा उउटा अचम्मको एकखुट्टे मानिस देख्यो । त्यो मानिस हेर्दा मानिसको आकारकै भए पनि व्यवहारमा भने प्रशस्त भिननता रहेको मानिस थियो । त्यो मानिसले परदेशीसँग भन्यो 'ए बटुवा म माथि दया गर म डुँडो छु । मेरो हात समातेर भीर तारी देऊ, धर्म होला ' त्यो मानिसप्रति धेरै दया राख्दै परदेशीले भन्यो यो उमेरमा तिम्रो कस्तो गति भएको ।' त्यो एकखुट्टेले भन्यो, पूवै जन्मको पाप होला भाई एकखुट्टेको यस्तो कुरा सुनेर परदेशीलाई दया लागेछ र एकखुट्टको हात समाउादै अप्ठ्यारो भीर तार्न सहयोग गर्न लागेछ । यतिकैमा त्यो एकखुट्टेले परदेशीको घर इत्यादि नालीबेली सम्पूर्ण सोधेछ । परदेशीले पनि घरमा श्रीमती गौरी र छोरो जग्गु छन् र अआफू किनमेल गर्न मधेस जान लागेको भनेछ । यतिकैमा ठूलो भीर देखा पर्दछ र त्यो उक एकखुट्ट कराउन थालेछ ' तिमी मलाई लान सक्दैनै भने चिन्ता नगर म आफै पनि जान सक्छु । यसो भनदै एकखुट्टे एउटा मात्र खुट्टाले टेक्दै र दुई हातले चट्टान समाउादै आश्चर्य जनक तरिकाले हिड्न थालेछ । परदेशीलाई पनि यो चानेचुने मान्छे रहेनछ, यहाा त मानिस खाने दैत्य, राक्षस पनि पाइन्छ भन्थे, भीरमा पुगेपछि लडाएर तल गुफामा पुऱ्याएर मासु खान्छ अरे भन्थे, यही रहेछ अव कसरी बाँच्ने भन्ने लागेछ । यसो हेर्दा त्यो राक्षस एकखुट्टे भित्तामा अढेस लागेर अरुलाई तल झान तयाए भउको थाहा पाएछ । परदेशीले पनि चट्टानलाई दह्रो समातेर लै आऊ म तिमीलाई सहयोग गर्दछु । भनेर तानेर तल धकेलिदिन्छ । राक्षस पनि तैले मलाई धोका दिइस पापी मानिस म तलाई छोड्दिन भनेछ । तल बगरमा पछारिएको एक खुट्टेले दर्शन ढुङ्गा नदीको बालुवामा घोटेर लगाइ तुरुन्त निको भएछ र परदेशीको घरतर्फ लागेछ ।

घरमा लोग्नेको भेष बदलेर पुगेको एकखुट्टेले ढोका खाल्न लगाएछ । स्वास्नी र छोरो पनि बाबु आयो भनेर मख परेछन् । तर कता कता स्वास्नीलाई शंका लागेछ । उसले खुट्टा धोएको देखिन्छ र यो त मेरो लोग्ने होइन रहेछ भनेर छोरो च्यापेर भागिछ । एक खुट्टेले भागेको थाहा पाएछ । आइमाई भाग्दै आफ्नै गोठभित्र पसिद्ध र उसलाई खेद्दै आएको एक खुट्टेलाई ढोकामा रहेका लाले र माले गोरुले पालैपालो सिङ्मा उनेर मारेछन् ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला
भन्नेवेलामा सुटुक्क आइजाला ।

### ३.२.८ लोभीनि सासू र खन्चुवा ज्वाईको कथा

एका देशमा एक जोडी गरिब बूढाबूढी बस्थे । तिनीहरुको आफ्नो सम्पत्ति केही थिएन, गाउँ घरका साहूको घरमा गएर काम गरी दिएर जीविका चलाउँथे । घरको नाममा एउटा सानो लड्न लागेको झुपडी थियो । स्वास्नी चाहि गाउँतिर ढिकी जाँतो गर्ने भाँडाकुँडा धुने, लुगा धुने जस्ता कामहरु  गरेर केही अन्न ल्याउँथी र त्यसले साझँ बिहान गुजार्थे लोग्ने चाहिँ खेतीको काम, जोत्ने, खन्ने इत्यादी गरी दिन्थ्यो । यसरी उनीहरुको जीविका चलेको थियो ।

एक समयको कुरा हो , गाउँघरमा बर्षको खेतीको काम भर्खर सकिएको थियो । खेतीको काम सकिएकाले अरु काम पाउन गाह्रो थियो । स्वास्नीले दिनभर उताउता गरेर ल्याएको कमाइले पुग्दैनथ्यो । त्यसकारण उसले लोग्नेलाई तराईतिर गएर जङ्गल फाँड्ने काम गर्न अह्राई । लोग्नेले पनि उकपटक यसो कुनै नयाँ ठाउँ हेरे आउनु पर्‍यो भन्ने विचार गयो र हिड्यो । लोग्ने नहुँदा स्वास्नी काम गरेरै घरमा खानछी र घरमा आएर सुत्थी । यसरी उनीहरुका दश दिन जति बिते ।

काम खोज्न गएको दस दिन पछि लोग्ने विरामी अवस्थामा आइपुग्यो । यसले स्वास्नीसँग भन्यो, ‘अचेल तराईतिर काम पाइदो रहेनछ । व्यर्थमा औलो मात्र लाग्यो । लोग्नेलाई औलो लागेछ । हनहनी ज्योरो आयो । ज्वरोले गर्दा ऊ अचेत भएर रात दिन

सुतिरहन्थ्यो । यसरी सुतेको पनि महिना दिन भएछ । अव त उसको हाड, छाला मात्र बाँकी थियो । अलिअलि गर्दै ओखतीमूलो पछि ऊ पूर्णरुपमा निको त भयो तर नाताकत थियो । त्यसैले स्वास्नी चाहिँले केही दिन ससुरालीमा गएर मिठो मसिनो खाएर पोसिलो चीज खाएर तङ्ग्रीएर आउन सल्लाह दिई । स्वास्नीको सल्लाहअनुसार र ऊ ससुराली गयो । ससुराली पुगेका दिन सासु र ससुराले राम्रै मेजमान गरे । केही मिठो मसिनो खानेकरा बनाएर दिए । र तातो बिछ्यौनमा राम्रा ठाउँमा सुताए ।

ससुरालीमा पनि लैना गाई भैसी थिउनन् सबै थाकिसकेका थिए । उक दुई दिन बसदा पनि सासुले घ्यू त जमेछ भन्थीन र छट्पटिए जस्तो गर्थी । ससुरा भने ज्वाईलाई घ्यू दे भनेर कराउँथ्यो । तर सासु नसुने झै गर्थी भनथी उसका घरमा तातो छोरो केही खाने नभएर ससुरालीमा भुँडी भर्न आएको खन्चुवा एक माना चामलको भात उकसितो पनि छाड्दैन । यस्तै किसिमले सासु ससुराका बीच कुराकानी हुँदा पनि ऊ चूप लागेर सुनिरन्थ्यो ।

यसरी हरेक पटक भात खान बस्दा घ्यूको हर्पे मात्र ठ्वाकठ्वाक पार्ने तर घ्यूको थोपो पनि नझार्ने सासुको चाल देखेर ज्वाईले के उपायले घ्यू खाउँ भन्ने बारेमा सोच्न लाग्यो । एक माना घ्यू खान पाए त अवश्य विरामी आँत पेरिन्थ्यो र तागत भरिन्थ्यो भन्ने उसको आशा थियो । त्यसैले ऊ उचित समयको परखाईमा थियो ।

एक दिन बेलुकी सासुले त्यसरी नै ज्वाईलाई भात दिई र यता उता भित्र बाहिर गरेर घ्यू दिन आलटाल गरी भित्र आउका बेलामा ‘ज्वाईलाई के चाहियो कुन्नि? घ्यू दिउँ भने पग्लेकै छैन, झर्दै झर्दैन’ भनेर यसो हर्पे उचालेर खन्याए जस्तो गरी र राखी । त्यो ढुङ्ग्रो जस्तो साह्रो घ्यू कसरी पो झर्दथ्यो त । त्यति भनेर सासु जुठेल्लामा पुगेर आउछु भनी बाहिर निस्की । ज्वाईको लागि यो सुनौलो अवसर थियो । उसले हत्तपत पन्यूको डाँठ अगेनाको कोइलामा ततायो । र हर्पेको घ्यूमा हालेर चलायो । पून्यूको तातोले घ्यू पग्लेको थियो । सासु बाहिरबाट आइन् र बिर्सिए झै गरेर ‘ए ज्वाईलाई त घ्यू दिन विर्सेछु, फेरी घ्यू पनि झर्दै झर्दैन भन्दै थालमा हर्पे उचालेर के खन्याएकी थिई घ्यू ज्वाईको थाल भरि घ्याप्लाक्क छोपियो र सासु छक्क परी । ज्वाई चाहिँ सही मोकाको पखाईमा थियो हत्तपत्त घ्यू हातले उठाएर खान थाल्यो । सासू पनि आफ्नै ज्वाई त हुन नि भन्दै त्यही घ्यू उगाएर

खान थाली । दुवै ज्वाई सासूको भन्दा को कम भनेर छिटोछिटो खान थाले । यसरी धेरै दिन ससुराली बसेर भए  पनि घ्यू खान पाएर सन्तुष्ट भई ज्वाई पनि आफ्नो घर फर्कियो ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला
भन्नेवेलामा सुटुक्क आइजाला ।

### ३.२.९ टुहुरी केटीको कथा

एकादेशमा एउटी साहै असल केटी थिई । उसका आमाबाबु दुवै थिएनन् र आफ्ना काकाकाकीसँग बस्थी । उसका काकाकाकी पनि गरिब थिए । उनीहरुकी एउटी सानी छोरी थिई । टुहुरी केटीलाई आमाबाबुले एउटा पेवा बाखो दिएका थिए । उसले त्यसको नाम सिंगानी राखेकी थिई र दिनरात त्यसको स्याहारमा समय बिताउँथी । दाजुकी छोरी राम्री रुपवती र सर्वगुण सम्पन्न भएकी र आफ्नी छोरी काली र असल व्यवहार समेत नभएकीले उसका बाबुआमालाई धेरै पीर परेको थियो । नभन्दै उक दिन पारि गाउँबाट केटी हेनृका लागि कुटुम्बहरु मात्र आए । टुहुरीका काकाकाकीले टुहुरीलाई लुकाएर आफ्नी काली छोरीलाई मात्र देखाए । त्यसपछि केटापक्षकाले एउटा सर्त राखे हामीलाई अनुघरकी राम्ी केटी चाहिएको छैन, केवल सर्वगुण सम्पन्न केटी मात्र चाहिएको छ । त्यो हार्मा परीक्षण गर्छौं । यति भनेर उनीहरुले आँगनमा धानको बिस्कुन सुकाउन लगाए र त्यहाँ सुनको सियो राखे । त्यसपछि पहिले बहिनीलाई त्यो बिस्कुन चलाउन पठाए । उसले न अफ्ल धान छरेर आई । पछि दिदीगई उसले छरिएका धान राम्ररी टिपी, सबै तिर धान हातले चलाई । यसरी चलाउँदै हातमा सियो गाडिएर आयो र सुनको सियो पनि रहेछ भनेर काकाकाकीलाई देखाई । यी सबै गतिविधि नियाली रहेका केटापक्षकाले दिदीलाई असल ठहराएर विवाह गर्ने निधो गरे ।

आफ्नो छोरोलाई मन नपराएकाले र टुहुरीको विवाह हुने भएकाले काका काकी चिन्तत थिए । उनीहरुले विवाहका लागि टुहुरीको बाखी काटेर मासु बेच्ने योजना गरे  यस कुराले छुहुरीलाई आघात तुल्याएको उता जङ्गलमा बाखा चराउन टुहुरीलाई बाखीले आफू

मर्न इच्छुक रहेको र आफ्ना लागि चिन्ता नगर्न सुझाव दिई । बरु सबैले मासु खाए तिमी नखानु र हाडहरु लगेर बारीमा गाड्नु भनेर सिकाइ टुहुरीले पनि त्यसै गरी हाड लगेर बारीको एक छेउमा गाडी दिई केही दिनपछि त्यस हाडबाट सुनको ठोस पलायो र बाखीले सपनामा आएर टुहुरी लाई त्यो सुन उखेल्न भनी नभन्दै त्यो सुनको ठोसोलाई कसैले उखेल्दा पनि उखेल्न सकेनन् तर टुहुरीले छुने वित्तिकै उखेलियो । टुहुरीका काका काकी अत्यन्तखुसी भए । उनीहरुले टुहुरीलाई माया गरे जस्तो गर्न लागे र विवाह पनि धूमधामले गरिदिए ।

विवाहमापछि टुहुरी केटीका दिन फिरे ऊ धनी परिवारमा परेको थिई । घर परिवार पनि राम्रो थियो सबैले उसलाई मायाा गर्थे । लक्षनकी बुहारी भित्रयाएपछि परिवार अझ सुन्दर भएको थियो । ऊ गाईको गोठको स्याहार सुसार देखि लिएर भान्सा सम्म तिर काम गर्न भ्याउँथी। सबैलाई खानेकुरा बनाई तुल्याई खुवाउँथीं, गाईवस्तुलाई पनि घाँस दिन भ्याउँथी । यी सबै कुरा उसका नियमित कार्य थिए उक्त माइतमा काका काकी राम्रो परिवारमा परी आफ्नी छोरीको विवाह भएन भनेर चिन्तित थिए । उता टुहुरी केटी सुत्केरी भई उसले छोरो पाई उनीहरुले आफ्नो छोरीलाई एक पटक दिदीलाई भेटेर आउन भनेर पठाए । बहिनी दिदीका घरमा गई र दिदीलाई सबै परिवारले माया गरेको देखेर भित्र भित्रै डाह गर्न थाली। अझ राम्रो छोरो समेत पाएकीमा कसरी दिदीको स्थानमा ओगट्न सकिन्छ भनेर साँच्न लागी ।

एकदिन बहिनीले दिदीलाई तिम्रो टाउकामा जुम्रा परेछ, जाउँ पर कुवामा गएर नुहाएर आऔं भनेर फकाई । सोझो पवित्र ह्रदय गरेकी दिदीले पनि त्यो कुरा विश्वास गरी र गई । कुनामा दिदीको टाउको पखाली दिन्छ भन्दै घोप्टो पारेर मुन्टो गाडी दिई र पुरेर हिँडी । उसले दिदीका लुगा र गहना लगाएर दिदीको जस्तो भेष बदली । घरमा सासुले सोध्दा “बहिनीलाई परसम्म पुऱ्याउन गएकी थिए । घामले अनुहार डढेर कालो भयो र साह्रै गलेकी पनि छ । नानीलाई दूध पनि ख्वाउन सकिन अब मलाई ४-५ दिन कुनै काम नलगाउनु होला भनेर सती र दिदीले गर्ने कामका बारेमा चियो चर्चा गर्न थाली । सासु भने धुरीमा अचानक आउको परिर्वतन देखेर अचम्ममा परी ।

जव बुहारी विरामी परैं भनेर सुती तब घरको काम सबै अलपत्र पऱ्यो । घर व्यवहार असतव्यसत भएको देखेर सबै बुहारीलाई के भएको होला भनेर सोच्न लागे । आफ्नो घर बेसहारा भएको प्र्याणभन्दा प्यारो छोराले दुःख पाएको, दुध पनि खान नपाएकाले टुहुरीको आत्माले राती राती आएर सबै घरको गोठको भान्साको काम गर्ने नानलिाई पनि दुध चुसाउने गर्दी रहेछ । उसले विहान उढ्नु अघि नै सबैका सिरानमा दूध तताएर राखी दिदिरहिछे भने बहिनीलाई भैसीको पिसाव गिलासमा भरेर राखि दिदिरहिछे । गाईवस्तुलाई पनि घाँस हालेर गोवर सोहोरर सफा राख्दि रहिछे । एक दिन दुई दिन गर्दा गर्दै धेरै दिनसम्म यही प्रक्रिया दोहोरिएको र घरकी बुहारीले रुखो व्यवहार गर्न थालेकीले लोग्नेले एकदिन राती लुकेर बस्दा आफ्नी स्वास्नीको आत्मा चिनेछ र सबै केरकार गर्दा बहिनीले आफूलाई कुवाँमा गाडेर मारेको ऊ अहिले आफ्नो ठाउँमा भएकी छोरीले दुःख पाएको र आफ्नो लास अझै पनि त्यही रहेकोले त्यो लासलाई सद्गत गरिदिन पनि लाग्ने सक्षम अनुरोध गरी । यो करो लोग्नेले सबै परिवारलाई सुनायो । सबैले त्यो अलच्छिनी बहिनीलाई चारपाटा मोडेर नाककान काटेर चौबाटोमा लगेर लखेटी गाउँ कटाए । पछि त्यो दृष्ट कनै गाउँमा पुगेर दिदी मारेको पापले मुखमा हातमा गोडामा किरा परेर मरी भन्ने पनि सुनियो । उक्त लोग्नेले कुवामा गएर आफ्नी स्वास्नीको हाड बटुल्यो र आखाँबाट तुरुक्क आँसु खसालेर मूर्च्छित भयो । गाउँलेले त्यो हाडको सद्गत गरे र त्यो दिन देखि टुहुरीको आत्मले शानित पायो । र लोग्नेले पनि छोराको स्याहार र सुसारमा जीवन बिताउने रुचि गऱ्यो ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला
भन्नेवेलामा सुटुक्क आइजाला ।

### ३.२.१० चतुरे कान्छाको कथा

एकादेशमा एउटा किसानका पाँच भाई थिए । किसानकी पत्नी भने धेरै पहिले नै मृत्यु भइसकेको थियो । विचरा किसानले आफू राँडो बसेर पनि छोराहरुलाई अनेक कष्ट र विपद्बाट जोगाएर हुर्काए । पाँच भाई छोरा र बाबुसमेतको पुरुष मात्रको त्यो परिवारमा

कुनै स्त्री जातिको आवश्यकताको महसुस हुँदै गयो । किसानका छोराहरु सबै असल र बाठा थिए । त्यसमा अझ कानछो छोरो त धेरै नै चलाख थियो । त्यसकारण उसले बाबुको मनसाय समेत बुझी उकदिन भनेछ । बा हाम्ो घरमा उउटा पनि आइमाई मान्छे नहुदाँ अजाड देखियो । अव हामी ठूला भइसक्यौं । तयसकारण यदि अनुमति दिनुहुन्छ भने म यसो वारिपारी गाउँतिर गएर हामी दाजुभाईका लागि योग्य कन्या खोज्छु । बाबु यही भनाईको पखाईमा थियो त्यसकारण उसले त्यसमा स्वीकृत जनायो छोरोलाई आशिर्वाद सहित विदा भयो ।

केटीको खोजीमा जाँदा जाँदै कान्छो धेरै टाढा पुग्यो साँझ झमक्क पर्न लागेको थियो । त्यहाँ धारामा एउटी आईमाई पानी गाग्रीमा थापीरहेकी थिई । उसले त्यो आइमाईसंग यो गाउँमा धेरै गफास्टक मानिसको होला भनि सोधियो । आईमाईले पनि गाउँको एकजना बृद्धिप्रसादको घर देखाई । त्यसपछि कान्छोले परिवार कति जनाको छ भनने विषयमा पनि ती आईर्मासँग सोध्यो । उत्तरमा त्यो आईमाइले पाँचवटी छोरी र बाबु आमा गरी सात जनाको परिवा रहेको समेत बताई । त्यति कुरा थाहा पाएपछि कान्छोले बद्धिप्रसादको घरको बाटो ततायो । आँगनमा पुग्दा मासिन नचिनिने बेला भइसकेको थियो । उसले घरमा को छ हँ भनेर बोलायो । त्यसपछि हातमा बत्ति लिएर रुपवती कानछी छोरी देखा परी र बाबुलाई बोलाई । कान्छाले पनि आफू यसो परदेश हिँडेको र हिड्दै जाँदा रात परेकोले बासबस्न आएको विचार प्रकट गऱ्यो । उनीहरुले त्यस कान्छा नामको केटालाई बास बस्न दिने मासाय प्रकट गरे । त्यक्तिकेमा कानछी छोरुले लोहोटामा पानी ल्याइ दिई र खाना खाने बेलाको सूचना दिई । खाना खाई सकेर बुद्धिप्रसादले कान्छा सामु एउटा गफ गर्ने कुरा झिक्यो तर सर्त के थियो भने त्यो गफलाई 'ठिकै हो ' भन्नु पर्ने । यदि हौइन भनेमा जिब्रो झिकेर सालको पातमा राखिने सर्त भयो । त्यसपछि बद्धिप्रसादले कान्छालाई तमाखु खाने भनेर पनि सोध्यो । प्त्युत्तरमा कान्छाले गफ उडाउने मुखले धुवाँ उडाउने बानी छैन भन्यो । गफ शुरु भयो । पहिले बद्धि प्रसादले बाजेको पालामा एउटा भएङ्कर हात्ती भनदा पनि धेरै ठूलो भैसी पालेको थियो । त्यो भैसीको एउटा सिङ् तिब्बतसम्म रअर्को सिंङ कलकत्ता सम्म पुगेको थियो । उनका हजुरबुबा तयही सिङ्मा चढेर तिब्बतबाट नुन र कलकत्ताबाट कपडा ल्याउने गर्थे । त्यो भैसीले उक दिनमा ५० पाथी दूध दिन्थ्यो ,

हामी सबै जना खिरै खिर खान्थ्यौं । पानीको साटो दूध पिउँथ्यौं  हो कि होइन ? भनेर सोध्यो । त्यसपछि कान्छालाई फसाद पऱ्यो । उसले मजबुर भएर हो भन्नुपऱ्यो नत्र जिब्रो थुतिने डर हुन्थ्यो ।

त्यसपछि कानछोको पनि गफ सुनाउने पालो  आयो र भनयो 'हाम्रा बाबुको त एउटा विशाल भर थियो । अग्लाइले आकाश नै छाएको थियो । त्यस घरमा ५००० ढोका २५००० झ्याल थियो । मेरो सुत्ने कोठा त यो गाउँ जत्रो नै थियो । दैवको लीला एक दिन ठूलो भूकम्प आयो र त्यो घरको धुरीले कहिले सागर हुने र कहिले सगरमाथामा ठोकिने गर्दा भत्कन थाल्यो । त्यसबेला पुरैघर लडेर  पुरिने मारिने डरले हामी पाँच भाइका पाँचवटी दुलहीहरु त्यस घरबाट भागेर यहाँ माइत पो आइपुगेछन् र म आज लिन आएको हो कि हौइन ? भनेछ । त्यस गफले बुद्धिप्रसादको ओठ तालु सुक्यो र आखिरमा उसले पनि हो भन्नै पऱ्यो । त्यसपछि कान्छाले गफमा चतुराई गरेकाले पाँचवटी कन्यालाई अघिअघि लगाएर रातारात आफ्नो घरमा भित्रयायो । उसको बाबुले घरम ाउकैचोटि पाँचवटी बुहारी भित्रयाएको उपलक्ष्यमा  खरिबाट छानेर १५ वटा गतिला गतिला खसी छिनाल्यो । सारा गाउँलेलाई भोज खुवायो । आखिरमा कान्छाको चतुऱ्याँइलाई सबै गाउँलेले तारिफ गरेर छाडे ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला
भन्नेवेलामा सुटुक्क आइजाला ।

# चौथो परिच्छेद

## ४.१ पाँचथर जिल्लामा प्रचलित लोककथाको वर्गीकरण

लोकसाहित्यका अन्य विद्वानहरुको तुलनामा लोककथाले लोकजीवनको सर्वाधिक स्थान समेटेको छ । लोकसाहित्यको उक महत्वपूर्ण विधाका  रुपमा संसारमा विकसित हुँदै आएको लोककथा लोकसममाजमा अलिखित रुपमा केवल श्रृति, स्मृति, कथन परम्परामा हुर्कदै र झाँगिर्दै आएको देखिन्छ । विभिन्न, धर्म, जाति, भाषा,  संस्कृति र परम्परामा हुर्केको नेपाली लोक जीवन विविध लोककथाको उर्वरस्रोत मानिन्छ । यहाँका हरेक समाजमा चलेका विविध संस्कार चालचलन, आस्था, विश्वास र भावना अनुरुप नेपाली लोककथाहरु विभिन्न आकार प्रकार र शैलीमा देखा पर्दछन् । पाँचथर जिल्लामा विभिन्न जातजाति र समुदायमा पनि यस्ता लोककथाहरु प्रशसत मात्रामा छरिएर रहेका छन् । यिनै लोककथालाई सङ्कलन गरी कथााको विषयवस्तु स्वरुपगत स्थानीय विशेषताको आधारमा वर्गीकरण गरिएको छ ।

### ४.१.१ विषयवस्तुका आधारमा

#### ४.१.१.१ सामाजिक लोककथा

सामाजिक व्यवहार, लेनदेन, ऐँचोपाँचो, दुःख-सुख, मिलन, विछोड, हाँसो-रोदन, कथाव्यथा, रहनसहन, रीतिरिवाज, आस्था-विश्वास, पारस्परिक सहयोग जस्ता विषयमा रचिउका कथाहरु सामाजिक लोककथा अन्तर्गत पर्दछन् । यस्ता कथाले समाजको आन्तरिक तथा बाह्य अवस्थाको राम्ो चित्रण गरेको हुन्छ । सामाजिक विकृति, कुसंस्कार र खराब प्रवृतिको पर्दाफास गरी सामाजिक उत्थान, सभ्यता, सदाचार एवम् उन्नति तर्फ समाजलाई प्रेरित गरी राम्रो भावनाको विकास गर्ने तर्फ प्रोत्साहन गर्नु संङ्कलित सामाजिक लोककथाहरुमा सोक्याको कथा, बर्साउने पाटीको कथा, लोभिनी सासु र खन्चुवा ज्वाईको कथा र चतुरे कान्छोको कथा आदि पर्दछन् ।

#### ४.१.२.२ पशुपंक्षी तथा भूतप्रेत सम्बन्धी लोककथा

पशुपंक्षी तथा भूतप्रेत आदिलाई पात्र बनाई तिनका विषयमा वर्णन गरिउका लोककथाहरु यस वर्णअनतर्गत पर्दछन् । पशुपंक्षीहरु मान्छेजस्तै कुराकानी गर्ने र मान्छेको कार्य साधानमा

प्रयुक्त भई आपत् विपत्बाट बचाउने तथा मान्छेको हित कल्याण र सहयोग गर्ने काम गर्दछन् भने भूतप्रेले मान्छेको काममा सघाउने तथा मोकामा प्रेमको कुटजालोमा फसाई दुःख दिने र  सताउने काम पनि यिनीहरुबाट हुने गरेको कुरा यस्ता कथामा पाइन्छ । यस्ता कथाहरुमा सोक्पाको कथा, टुहुराको पनि अवश्य भाग्य फिर्छ, राच्छेस्नी बूढीको कथा, तर्साउने  पाटीको कथा, फुलौरा फल्ने रुखको कथा, एक खुट्टे राक्षसको कथा, र टुहुरो केटीको कथा पर्दछन् ।

### ४.१.१.३. नीति उपदेशाात्मक कथा

उपदेश तथा नैतिक चेतना प्रदान गर्नु यस्ता लोककथाको प्रमुख उद्देश्य नै हो । यसका साथै  कर्तव्यपरायण, परोपकार, सत्य, दया, धर्म, न्याय, सन्तोष, त्याग आदि गुण र चरित्रको विकास गर्ने उद्देश्यले प्रेरित भएर कथोपकथन हुँदै आएका लोककथाहरु यस वर्गअन्तर्गत पर्दछन् । असल काम गर्नेलाई प्रोत्साहन तथा सम्मान र खराव काम गर्नेलाई दण्ड दिई चारित्रिक सुधार गर्नु पनि  यस्ता कथाको मुख्य उद्देश्य हो । सङ्कलित कथाहरुमा टुहुराको पनि अवश्य भाग्य फिर्छ, टुहुरी केटीको कथा यस वर्गअर्न्तगत पर्दछन् ।

### ४.१.१.४ हास्यविनोदसम्बनधी लोककथा

मानिसले आफ्ना मनका कुष्ठा, ग्लानी, चिनता, आलस्य, नैराश्य जस्ता दुर्गुण र दुर्भावनाहरुलाई हाँसो, ठट्टा, गफ र मनोरञ्जन मार्फत विरेचन गरी आफूलाई उन्मुक्त र स्वस्थ बनाउन चाहन्छ । दिनभरि नै खेतीबारीमा काम गर्दा मानिसलाई लागेको आलस्य, झर्को र पट्याई मेट्न विश्राम र फुर्सदको समयमा उनीहरुका विभिन्न ठट्टा, र हाँसो र कौककले भरिएका कथाहरु सुनाएर वा सुनेर मनमा आनन्द लिने तथा पेट मिचिमिचि हाँस्ने गर्दछन् । वास्तवमा लोकसमाज नै यस्तो रङ्गमञ्च हो जहाँ बेलाबखतमा मान्छेका हाँसो मजाक र ठट्टाले गुञ्जिरहन्छ । पाँचथर जिल्लामा यस्ता मनोरञ्जन र हास्य विनोदका कथाहरु प्रशस्त पाइन्छन् । यहाँ सङ्कलित कथा मध्ये अन्धाको भाग्य, लोभिनी सासु र खन्चुवा ज्वाईको कथा चतुरे कान्छोको कथा आदि मुख्य छन् ।

### ४.१.१.५. भाग्यसम्बन्धी लोककथा

लोकसमाजमा प्राब्ध, कर्म र भाग्य सम्बन्धी विश्वास गर्नेको सङ्ख्या अधिक नै हुन्छ । पूर्णजन्मको असल वा खराब कार्यको अवशेष भाग्य वा प्रारम्भ बनेर मानिसको जीवनमा प्राप्त हुने गर्दछ । प्रारम्भ र भाग्यलाई विस्वास गर्नेहरुको संङ्ख्या यस जिल्लामा पनि प्रशस्त पाइएको हुनाले लोककथाहरुमा यस्ता कुराको प्रभाव परेको देखिन्छ । यस जिल्लामा प्रचलित यस किसिमका लोककथाहरुमा अन्धाको भाग्य, टुहुराको अवश्य भाग्य फिर्छ, राटेस्नी बूढीको कथा, टुहुरी केटीको कथा आदि मुख्य हुन् ।

### ४.१.१.६ पराक्रम सम्बन्धी लोककथा

कुनै पनि दिव्य तथा अद्भूत चरित्रको वर्णन, युद्धसम्बन्धी विजय, पराजय, पराक्रम एवम् कुनै पनि समस्याबाट वीरतापूर्वक सजिलै पर गरेर राज्य कथा वैभ्कव प्राप्त गर्ने जस्ता कथाहरु यस वर्ग अन्तर्गत पर्दछन् । पाँचथर जिल्लामा प्रचलित एवम् प्रस्तुत शोधकार्यमा लिखित यस्ता लोककथाहरुमा सोक्पाको कथा, राछेस्नी बूढीको कथा, चतुरे कान्छोको कथा आदि पर्दछन् ।

### ४.१.१.७ मानव प्रवृत्तिमूलक लोककथा

मानवका स्वाभाव, प्रवृत्ति, रुचि, आकांक्षा, काम, क्रोध, लोभ मोह, मद, चलाख विनयशिलता आदि गुण र विशेषता उल्लेख भएका कथाहरु यस वर्ग अन्तर्गत पर्दछन् । मानिसको बेग्लाबेग्लै स्वभाव र प्रवृत्ति भएका कारणहरुलाई विभिन्न तहमा विभाजन गरेको पाइन्छ । ठगी तथा चलाखीका लोककथा, मुख्याइँका लोककथा, लोभी तथा कञ्जुसका लोककथा एवंम् विस्वास घातका लोककथामा भनी यस अन्तर्गत छुट्याइएको छ । संङ्कलित लोककथाहरुमध्ये सोक्पा कथा, लोभिने सासु, र खन्चुवा ज्वाईको कथा, चर्तुरे कान्छोको कथा यस अन्तक्रिया पर्दछन् ।

### ४.१.२ उपकरणगत आधारमा

#### ४.१.२.१ घटनाप्रधान लोककथा

घटनाक्रमलाई प्रमुख प्रश्रय दिई पात्रको भूमिका गौण मानिएका अथवा युद्ध विषयक महिना गठन गरिएका लोककथाहरुलाई घटना प्रधान लोककथाको वर्गमा राखिएको छ । यस्ता कथाहरुमा अन्धाको भाग्य, तसाउने पाटीको कथा, लोभिनी सासु र खन्चसवा ज्वाईको कथा आदि पर्दछन् ।

#### ४.१.२.२ चरित्रप्रधान लोककथा

नैतिक आचरण, राम्रो स्वभाव र आदर्श चरित्रको वर्णनमा आधारित लोककथाले स्रोताको मनमा असल व्यक्ति बन्ने तथा आदर्शपूर्ण चारित्रिक गुणहरुको विकास गर्ने प्रेरणा जगाइदिएको हुन्छ । उत्तम चारित्रिक गुणको वर्णनमा केन्दि्रत लोककथाहरु यस वर्गमा राखिएको छ । असल चरित्रका कारण मान्छे महान् बन्ने र खराबच रित्रले गर्दा अपमानित तथा अवमूल्यन हुनुपर्ने चारित्रिक सन्देश यस्ता कथाहरुमा पाइन्छ । यस्ता कथाहरुमा सोक्पाको कथा, टुहुराको पनि अवश्य भाग्य फिर्छ, फुलौरा फल्ने रुखको कथा, टुहुरी केटीको कथा, चतुरे कान्छोको कथा आदि पर्दछ ।

### ४.१.३ प्रभावगत आधारमा

#### ४.१.३.१ दुःखान्त लोककथा

डरलाग्दो दुःख आपत विपत दारुण कथाकहानी एवम् कहालीलाग्दो अवस्थाको चित्रणका साथै अन्त्यमा पात्रको मृत्युको वर्णन गरिएका अथवा दुःखान्तमा टुङ्गिएका कथाहरु दुःखान्त लोककथाहरु हुन् यस्ता कथाहरुमा पात्रहरु कतै समुन्द्रमा हामफल्ने, कतै आगाका लप्कामा प्रवेश गर्ने, र कतै झुण्डिएर अथवा आत्महत्या गरेर मृत्युको मुखमा पुग्ने क्रियाकलाप अभिव्यक्ति भएका हुन्छन् । यहाँ सङ्कलित कथाहरुमा तर्साउने पाटीको कथा, टुहुरी केटीको कथा दुःखन्तीय लोककथा हुन् ।

#### ४.१.३.२ सुखान्त लोककथा

कथाको सुरुमा पात्रले अनेक दुःख, कयट र समस्या भ्रेल्नु परे पनि अन्त्यमा भाग्योदय भई राज्य सुख वा वैभव प्राप्त गरेको सुखदायी वर्णन सुखान्त लोककथामा पाइन्छ । यहाँ संङ्कलित सुखान्त लोककथाहरुमा सोक्पाको रुपमा, अन्धाको भाग्य, टुहुराको पनि अवश्य भाग्य, फिर्छ, राक्षेस्नी बूढीको कथा, फुलौरा फल्ने रुखको कथा, एकखुट्टे राक्षस्नीको कथा, लोभिनी सासुर र खन्चुवा ज्वाईको कथा र चतुरे कान्छोको कथा आदि पर्दछन् ।

### ४.१.४ प्रकारगत आधारमा

#### ४.१.४.१ शुद्ध लोककथा

उपदेश, नीति, शिक्षा र सन्देशपरक लोककथाहरु खुदुलीकथा अन्तर्गत पर्दछन् । यस्ता कथामा प्रायः सबै कथा तत्वको समावेश र नियमको पालना भएको हुन्छ । लोककथामा पाइने सम्पूर्ण विशेषताहरु यस्ता कथामा निहित रहन्छन् । अन्धाको भाग्य, टुहुराको पनि अवश्य भाग्य फिर्छ, राक्षस्नी बूढीको कथा, फुलौरा फल्ने रुखको कथा, एकखुट्टे राक्षसको कथा, टुहुरी केटीको कथा यस अन्तर्गत पर्ने लोककथा हुन् ।

#### ४.१.४.२. संवादात्मक लोककथा

लोककथा मनोरञ्जन तथा रोमाञ्चक विषय भएको हुनाले प्रसङ्ग अनुसार पात्रहरुवीच सम्वाद हास्यविनोद , ठट्यौली जस्ता कुराहरु, हाउभाउ र आङ्गिक संयोजनपूर्वक नाटकीय शैलीमा अभिव्यक्त भएका हुन्छन् । यद्यपि साना तिना सम्वाद प्रायः सबै कथामा प्रयोग भएको पाइन्छ तर पनि मनोरञ्जन तथा हास्य विनोदायत्मक कथामा यसको प्रयोग बढी पाइन्छ । यहाँ सङ्कलित यस्ता कथाहरुमा सोक्पाको कथा, अन्धाको भाग्य एक खुट्टे राक्षसको कथा लोभिनी सासु र खन्चुवा ज्वाईको कथा, राक्षेस्नी बूढीको कथा, फुलौरा फल्ने रुखको कथा, चतुरे कान्छोको कथा यस अन्तर्गत पर्ने लोककथा हुन् ।

### ४.१.५ दृष्टिविन्दुका आधारमा

#### ४.१.५.१ प्रथम पुरुषषात्मक लोककथा

प्रथम पुरुष शैलीमा अभिव्यक्त लोककथाहरु निकै कम पाइन्छन् । कथाको पात्र 'म' वा 'हामी' बनेर आफ्नै विषयमा आफै सक्रिय भएर भनेको कथा लोककथामा त्यति पाइँदैन् । कहिलेकाहि आफूलाई पनि पात्रको रुपमा उभ्याएर कथा भन्ने अवस्थामा आन्तरिक दृष्टिविन्दु 'म' पात्रको विचार अभिव्यक्त भएको हुन्छ । त्यस्ता कथालाई यस वर्गभित्र राखिएको हुन्छ तर यहाँ सङ्कलित लोककथाहरु प्रथमपुरुषात्मक दृष्टिविन्दु प्रयोग भएका छैनन् ।

#### ४.१.५.२ तृतीय पुरुषात्मक लोककथा

धेरै पहिले एकादेशमा, उहिल्यै परापूर्वकालमा आदिबाट लोककथा सुरु गरी अर्कैको विषयमा कथा भनिने भएकाले प्रायः लोककथाहरु तृतीय पुरुष शैलीमा नै व्यक्त हुन्छन् । कथामा सबै पात्र आधोपान्त सक्रिय भएमा सर्वदर्शी, एउटा मात्र सक्रिय भएमा सिमित र विषयवस्तुपरक अर्थात विषयवस्तु नै प्राधान्य रहेमा वस्तुपरक बाह्य दृष्टिविन्दुको प्रयोग हुन्छ । यहाँ सङ्कलित सम्पूर्ण कथाहरु तृतीय पुरुषात्मक लोककथाहरु  नै छन् ।

### ४.१.६ आयामका आधारमा

#### ४.१.६.१ लामा लोककथा

शूर, वीर र पराक्रमको वर्णन, राज्य प्राप्ति वा त्याग, जीवनको उत्तार चढाव, प्रेम जीवन कहानी सम्बन्धमा वर्णन गरिएका लोककथा लामा लोककथा अन्तर्गत पर्दछन् । गरिब तथा मूर्खले पनि जीवनको लामो संङ्घर्षपछि राज्य वैभव र अल्पनीय प्रतिष्ठा प्राप्त गरी अन्त्यमा सुख पाएको कुरा यस्ता कथामा उल्लेख भएको पाइन्छ । यहाँ सङ्कलित कथाहरुमा राक्षेस्नी बूढीको कथा, तर्साउने पाटीको कथा, टुहुरी केटीको कथा लामा लोककथा अन्तर्गत पर्दछन् ।

### ४.१.६.२ मझौला लोककथा

एतिहासिक सन्दर्भ, समस्यामूलक र भूतप्रेत विषयक प्रसङ्गको चर्चा गरिएका मध्यम आकारका कथाहरुलाई मझौला लोककथा अन्तर्गत राखेर वर्गीकरण गरिएको छ । यस्ता खाले कथाहरुमा सोक्पाको कथा, लोभिनी सासु र खन्चुवा ज्वाईको कथा चतुरे कान्छोको कथा मध्यम आकारका लोककथाहरु हुन् ।

### ४.१.६.३ छोटा लोककथा

नीति, उपदेश र शैक्षिक चेतना दिने खालका छोटा मीठा र रसिला कथाकुथुङग्रीहरु छोटा खाले कथा अन्तर्गत पर्दछन् । यस्ता कथालाई कुनै कुराको पुष्टि गर्ने वा शिक्षा दिने क्रममा श्रोता वा शिक्षार्थीलाई उत्प्रेरण जगाई पाठकप्रति रुचि जगाउनका निम्ति उदाहरुणका रुपमा प्रयोग गर्न पनि सकिन्छ । लगभग एक हजार शब्द भित्र पर्ने कथाहरुलाई यस खालका लोककथाभित्र राख्नुपर्ने हुन्छ । लामा र मझौला कथाका अतिरिक्त लोककथाहरु छोटा लोककथा अन्तर्गत पर्दछन् । अन्धाको भाग्य, टुहुराको पनि अवश्य भाग्य फिर्छ, फुलौरा फल्ने रुखको कथा, एकखुट्टे राक्षसको कथा, जस्ता लोककथाहरु छोर्टो लोककथा अन्तर्गत पर्दछन् ।

## ४.२ संङ्कलित लोककथाहरुमा प्रयुक्त अभिप्राय

लोककथाको स्वरुप निर्धारण वा निर्माण गर्ने कुनै विस्मयकार असामान्य घटक आधुनिक कथाको पङ्क्तिबाट पृथक बन्दछ । अभिप्रायहरु प्रायः अनौठा, उपत्यारिला र अस्वाभाविक खालका चरित्र बोकेका हुन्छन् । यिनको प्रयोगले लोककथा आश्चर्यको चरमचुलीमा पुग्दछ र श्रोताको मनलाई सजिलै जित्न सक्दछ । अभिप्रायकै कारण लोककथा बढी आस्वाध सरल र कौतुक बन्दछ । लोककथाको यो प्रमुख सामग्री भएकाले नै यसको अवस्था लोककथा सामान्य तथा प्रभावहिन बन्दछ । यसैले अभिप्रायलाई लोककथाको आवश्यक घटकका रुपमा लिन सकिन्छ । एउटै लोककथामा पनि थुप्रै अभिप्रायहरु प्रसङ्ग तथा प्रकरणवश उपस्थित भएका हुन्छन् । यहाँ सङ्कलित लोककथाहरुमा प्रयुक्त अभिप्रायहरुको संङ्क्षिप्त चर्चा यस प्रकार गरिन्छ ।

सोक्पाको कथामा केटो एक्लै जङ्गलको गोठमा बस्नु, सोक्पाले धेरै दुःख दिनु केटोलाई उसका बाबु आमाले सोक्पाबाट बच्ने उपाय बताउनु, केटोले सोक्पालाई सल्लाको खोटो जीउभरि दल्न लगाउनु र आगाको छेउमा  राख्नु, आगो सल्लोमा सल्केर सोक्पा जल्नु र मर्नु आदि यसका अभिप्रायहरु हुन् ।

अन्धाको भाग्य कथामा गाउँमा मागेर खाने अन्धो हुनु, अन्धाले भिक्षा पाउन छाडेपछि बाँच्न कष्टकर हुनु, अन्धो रुखमुनि मर्नका लागि भोकै बस्नु, अचानक शिवपार्वती आउनु, कुनै एउटा मान वर माग भन्नु, अन्धाले जुक्ति पुऱ्याएर सम्पक्ति, श्रीमती छोरा बुहारी जग्गा र आँखा सबै थोक माग्नु र नयाँ जीवन प्राप्त गर्नु यस कथामा प्रयुक्त अभिप्रायहरु हुन् ।

त्यसै गरी टुहुराको पनि अवश्य भाग्य फिर्छ भन्ने कथामा टुहुरो केटो दिदीका घरमा बस्नु , दिदीले हेप्नु, केटो जङ्गल गाई चराउन जानु, एउटा दूधको पोखरी देख्नु र दूध पिउनु, भैंसीले लुकेर हेर्नु र देख्नु, केटो रुखबाट राँगाको ढाडमा हाम फालेर सर्त जित्नु र सयौ भैसीं रागाँको मालिक बन्नु दिदीलाई पनि एउटा भैंसी दिनु भैसीको घाँटीमा बज्ने घण्टी झुण्डाइदिनु, घण्टीले गीतको भाकामा दिदीले भाइलाई हेपेको घटना सुनाउनु र माफी माग्नु जस्ता अभिप्रायहरु प्रयुक्त छन् ।

राक्षस्नी बूढीको कथाामा बूढीको कथामा बूढाबुढी मर्नु, छोरा र छोरी टुहुरा हुनु, छोरो जङ्गल गाई चराउन जानु, राक्षस्नीले उसलाई पक्रेर लानु  दिदी भाइको खोजीमा जाँदा सोही राक्षस्नीको जालमा पर्नु, दिदी भाइले नचिनेको जस्तो बाध्यता गरेर राक्षस्नीलाई सफल हुनु र अथाह धन सम्पत्ति लिएर घर फर्कनु आदि यस कथामा प्रयुक्त अभिप्राय हुन् ।

तर्साउने पाटीको कथामा व्यापारीको छोरालाई डाकाले मार्नु, व्यापारी लुकेर बाँच्नु, धर्मशाला बनाउनु, धर्मशालमा तर्साउनु, मानिस बस्न डराउनु, पछि परदेशीलाई पनि तर्साउनु, मुर्कुटाले परदेशीलाई खेदाउनु, परदेशी भाग्नु र अचेत हुनु गाउँलेले परदेशीलाई बचाउननसक्नु र धर्मशालालाई जलाउनु आदि अभिप्रायहरु रहेका छन् ।

फुलौरा फूल्ने रुखको कथामा केटोले गाउँघरबाट श्राद्ध खाएर फुलौरा बटुल्नु, फुरालाई जमिनमा राप्नु, फुरौलाको बाट उम्रनु र फल्नु, राच्छेस्नी बूढी आएर माग्नु, राच्छेस्नीले केटोलाई गुफामा लानु र छोरीसँग केटोलाई मार्ने योजना बनाउनु, तर केटीलाई

नै मारेर राच्छेस्नीलार्य खुवाउनु राक्षेस्नीले छोरीको मासु हो भन्ने थाहा पाउनु, केटोलाई मार्न लाग्दा सिँढीबाट लडेर तेलमा परेर मर्नु र केटो फेरि फर्केर आउनु आदि प्रयुक्त अभिप्राय हुन् ।

यस्तै एक खुट्टे राक्षसको कथामा राक्षसले परदेशीलाई बाटामा भेट्नु र सँगै बाटो कटाइदिनु अनुरोध गर्नु, एक खुट्टे राक्षसले परदेशीलाई भीरबाट घचेट्ने दाउ हेर्नु तर परदेशी बाँच्नु सफल हुनु, एकखुट्टेलाई उल्टै भीरबाट तल झारिदिनु, एकखुट्टे बाँचेर परदेशीको भेषमा उसैको घर पुग्नु र स्वास्नी र छोरालाई आफ्नै लोग्ने र बाबु जस्तै गरी छक्याउनु, तर उनीहरुले चिन्नु भागेर गठिमा जानु लखिेट्दै जाँदा एकखुट्टेलाई दुई गोरुले सिङले हानेर मार्नु आदि अभिप्रायहरु प्रयुक्तछन् ।

त्यसैगरी लोभिनी सासु र खन्चुवा ज्वाईको कथामा ज्वाई धेरै कमाउन तराई जानु तर औलोको कारण रोगी भएर फर्कनु श्रीमतीले ससुराली गएर मिठो मसिनो खान सल्लाह दिनु, तर सासुले कहिल्यै घ्यू, दूध र दही नदिनु खाना खाने बेलामा हर्पे देखाएर घ्यू झरेन भन्नु यस्तै गरेर धेरै दिन बिताउनु एकदिन ज्वाइले पुन्यूको डाठ तताएर घ्यूमा हल्लाउनु, सासुले त्यसैगररी खन्याउन लाग्दा सबै घ्यू ज्वाईको भागमा घोप्टिनु, ज्वाईको चतुऱ्याइँले घ्यू खान पाउनु र खुसी भएर घर फर्कनु आदि अभिप्रायहरु प्रयुक्त हुन् ।

टुहुरी केटीको कथामा केटी काका काकीको मा बस्नु, उसको धनी परिवासँग विवाह हुनु तर काकाकी छोरी लक्षीनकी नभएकाले विवाह नहुनु, ऊ दिदीलाई भेट्न जानु दिदीलाई लिएर कुवामा जानु कुवामा दिदीलाई डुवाएर मार्नु र उसका लुगा गहना लगाएर फर्कनु घरमा बिरामी छु भनेर ढाँट्नु र चाल बुझ्न, दिदीको आत्मा प्रेत बनेर आउनु र घरमा सबै काम गर्नु आखिरमा लोग्नेले थाहा पाउनु र त्यो बहिनीलाई नाक कान काटेर लखेट्नु आदि अभिप्रायहरु प्रयुक्त छन् ।

त्यसैगरी अन्तिम कथा चतुरे कान्छोको कथामा एउटा बाबुका पाँच वटा भाइको विवाह नहुनु कान्छो अति चलाख हुनु र केटी खोजेर आउँछु भन्नु एउटा गफास्टक मानिसका पुग्नु खाना खाएर गफमा जुट्नु तिब्बत र कलकता पुग्ने सिङ भएको भैंसी पालेको गफ घरको मानिसले गर्नु त्यस्तै पताल देखिको जग भएको आकाश छुने घर नभएको केटाले गफ गर्नु, त्यो घर भुईचालो आउँदा भत्कनु र पाँच भाइका पत्नीहरु घरबाट

भागेर त्यहाँ आएर बस्नु र केटाले तिनीहरुलाई लिन आएको भन्नु बाजी जितेर सबै केटी सबै भाइका लागि लिएर हिड्नु जस्ता अभिप्रायहरु रहेका छन् ।

यिनै अभिप्रायहरुका आधारमा यहाँ संङ्कलित कथाहरुले आफूलाई लोककथाका रुपमा उभ्याउन सफल भएका छन् ।

# पाँचौ परिच्छेद
# उपसंहार

विश्व कथा साहित्यकै प्रेरणाका स्रोत मानिने लोककथाहरु बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक नेपाली समाजका अमूल्य धरोहर हुन् । यहाँका हरेक क्षेत्र र समाजमा विभिन्न प्रकारका लोककथाहरु प्राचीनकाल देखि नै प्रचलनमा रहेका छन् । त्यसैले लोककथा भन्ने सुन्ने र सुनाउने प्रचलन नेपाली जनजीवनको निकै लामो र पुरानो प्रचलन हो । यस्ता विभिन्न विषय र घटनामा आधारित लोककथाले नेपाली समाजलाई मनोरञ्जन मात्र होइन उपदेश र नैतिकताको पाठ सिकाई अनुशासनको मार्गमा हिड्ने प्रेरणा समेत दिएका छन् । प्रस्तुत शोध पत्रमा पाँचथर जिल्लामा प्रचलित केही लोककथाहरुलाई छनौट गरिएको छ । त्यसमा पनि प्रतिनिधिमूलक दसवटा कथालाई मात्र शोधकार्यमा समावेश गरिएको छ । यी दसवटा कथाले पाँचथर जिल्लाका समुदायको सामाजिक साँस्कृतिक आर्थिक गरीसमग्र पक्षको जानकारी दिने प्रयास गरेका छन् सामग्री सङ्कलनका क्रममा स्थानीय विभिन्न व्यक्तिहरुसँगको प्रत्यक्ष भेटबाट र सोधपुछबाट कथाहरु सङ्कलन गरिएको छ । पाँचथर जिल्ला हालसालै देखि यातायातका दृष्टिकोणले सुलभ मानिएतापनि केही समय अघि सम्म त्यहाँ यातायातको पहुँच थिएन् । अधिकांश पहाडी भेग भएको पाँचथरका जनताहरु सिधा साधा छन् । उनीहरुले आफ्ना हरेक व्यवस्थाका बाबजुद पनि लोककथा सुन्ने र सुनाउने परम्परालाई कायम गरेको पाइन्छ ।

ग्रामीण भेगमा अझै पनि मनोरञ्जनको प्रमुख साधन बनेको लोककथा लोकजीवनको सम्पदा नै हो । परापूर्वकाल देखि मौखिक रुपमा भनिदै र सुनिदै आएका साथै त्यहाँका जनमानसले त्यहीका विभिन्न जीवजन्तुहरुबाट भोग्दै आएका गतिविधिहरु पनि कथामा उनीएका छन् । सोक्पाको कथालाई यसैको उदाहरणका रुपमा लिइन्छ । नेपाली समाज भूत प्रेतको मान्यताबाट ग्रसित समाज हो । त्यस्तै यहाँका हिसाब पहाड तराई तिरका जङ्गलमा राक्षसहरुको विगविगि हुन्थ्यो । यसबाट सर्वसाधरणहरु सधै त्रसित हुन्थे । यस्तो त्रसित मानसिकताबाट मुक्ति दिलाएर राक्षस माथि विजयप्राप्त गरेको आभास दिलाउन राक्षस्नी बूढीको कथा तर्साउने पाटीको कथा फुलौरा फल्ने रुखको कथा एक खुट्टे राक्षसको कथा, आदि यस अन्तर्गतका कथाहरु हुन् ।

नेपाली समाजमा आर्थिक असमानताका कारण धेरै मानिसहरु बाँच्नका लागि आधारभूत आवश्यकताबाट नै बञ्चित भएका छन् । उनीहरुलाई कतिलाई रातदिन परिश्रम गरे पनि दुई छाक टार्न धौ धौ पर्छ । शरीरमा राम्रो कपडालगाउन धौ धौ पर्छ । यो अवस्थाबाट ग्रसीत मानिसहरु अन्धाको भाग्य टुहुराको पनि अवश्य भाग्य फिर्छ, राक्षस्नी बूढीको कथा, जस्ता कथाहरु सुनेर भविष्य प्रति आशावादी बन्छन् ।

त्यसैगरी ग्रामीण समाजमा विभिन्न स्वभावका मानिसहरु हुन्छन् । उनीहरु आफ्नो बुद्धि अनुसार व्यवहार गर्छन् र सफलता पाउँछन् । लोभिनी सासु र खन्चुवा ज्वाईको कथा, अन्धाको भाग्य र चतुरे कान्छोको कथा यस वर्ग अन्तर्गत पर्ने कथाहरु हुन् । यी कथाहरुबाट मानिसले समय परिस्थिति अनुसार बुद्धि र विवेकको प्रयोग गरेर अगाडि आइपरेका समस्याहरु समाधान गर्न सिक्छन् ।

यसका अतिरिक्त कतिपय कथाहरु नैतिक औपदेशिक  सन्देश प्रवाह गर्ने किसिमका छन् यसबाट समाजमा सकारात्मक सन्देश जान्छ र मानिसहरुले त्यसको सोही किसिमले अनुकरण गर्न थाल्छन् । विकृति मानसीकतालाई हटाई स्वच्छ मानसिकता प्रदान गर्ने प्रशस्त हाँसो, कौतुहल र तुजुक प्रदान गरी पार्ने तथा कथा सुन्दा हँसो ठट्टा गुञ्जने साँस्कृतिक मोहप्रति उदासीनता जगाउने अभिव्यक्ति शिल्पद्वारा व्यक्तित्व तथा खुवी प्रदान गर्न जस्ता कलापारखीहरुका लागि पाँचथर जिल्लका प्रचलित लोककथाको उपयोगिता झल्केको छ ।

प्रस्तुत शोधपत्रमा नेपाली भाषालाई मातृभाषाको रुपमा प्रयोग गर्ने जाति जनजातिहरुका वीच केन्द्रित रहेर पाँचथरका अधिकांश भेगमा प्रचलित नेपाली लोककथालाई सकेसम्म समेट्ने प्रयास गरिएको छ तापनि यसको अझ विशिष्ट अध्ययनको आवश्यकता भने महसुस गर्न सकिन्छ । लोककथा सङ्कलन कार्यलाई बढी प्राथमिकता दिइने हुनाले कतिपय सैद्धान्तिक अध्ययन स्तम्भहरु यस भित्र समेटिएका छैनन् । यति हुँदाहुदै पनि लोककथाको विविध पक्षको अध्ययनपूर्वक यसको कार्य पूरा गरिएको छ । पाँचथर क्षेत्रमा नेपाली लोककथाको स्थिति बुझ्न चाहने लोकसाहित्य प्रेमी इच्छुक व्यक्तिलाई यसले प्रत्यक्ष लाभ दिने विश्वास लिइएको छ । यसले विशेष गरी पाँचथर क्षेत्रमा प्रचलित लोककथाको स्थिति प्रभावकारीता तथा विशिष्ट स्वरुप प्रस्तुत गरेको छ । यहाँ प्रचलित लोककथाले

सिङ्गो नेपाली लोककथाका क्षेत्रमा गरिमा बढाउने कार्यमा आ-आफ्नो क्षेत्रबाट विशिष्ट योगदानका साथै महत्वपूर्ण सहयोग पुऱ्याउन सक्ने आशा लिन सकिन्छ ।

# सन्दर्भग्रन्थ सूची


१.ओझा, रामनाथ र मधुसूदन, गिरी (२०५८), नेपाली स्नातकोत्तर श्रृङ्खला-४, काठमाडौं :वाङ्मय प्रकाशन ।

२. कोइराला, शम्भुप्रसाद (२०२५), लोकसाहित्य सिद्धान्त र विश्लेषण, विराटनगर : धरणीधर पुस्तकालय प्रतियठान ।

३) गिरी, जीवेन्द्रदेव, (२०५७), लोकसाहित्यको अवलोकन, काठमाडौं :एकता प्रकाशन ।

४) जोशी, सत्यमोहन (२०१४), हाम्रो लोकसंस्कृति काठमाडौं : रत्न पुस्तक भण्डार ।

५) त्रिपाठी, वासुदेव (२०२४), विचरण काठमाडौं : भवानी प्रकाशन ।

६) थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), नेपाली लोकसाहित्यको विवेचना, काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, त्रि.वि. ।

७) दिवस, तुलसी, (२०३३), नेपाली लोककथा केही अध्ययन काठमाडों : ने.प्र.प्र. ।

८) ................... (२०३५), नेपाली लोककथा, काठमाडौं : ने.प्र.प्र ।

९) .................... (२०३५), नेपाली लोकसंस्कृति संगोष्ठी, काठमाडौं :ने.प्र.प्र. ।

१०.पन्थी, दधिराम (२०६०), नेपाली लोककथाको अध्ययन, अनुप्रकाशित स्नातकोत्तर शोधपत्र (त्रि.वि. :नेपाली केन्द्रिय विभाग) ।

११) पराजुली, कृष्णप्रसाद (२०५७), नेपाली लोकगीतको आलोक, काठमाडौं : वस्ष्य प्रकाशन प्रा.लि.।

१२) ................... (२०५७), नेपाली साहित्यको अवलोकन, काठमाडौं : एकताम प्रकाशन ।

१३) पराजुली, मोतीलाल (२०५छ), नेपाली लोककथामा अभिप्रायहरुको अध्ययन (विद्यावारिधि शोधप्रबन्ध ने.के.वि; त्रि.वि. ।

१४) बन्धु चूडामणि, (२०५८), नेपाली लोकसाहित्य, काठमाडौं :एकता प्रकाशन ।

१५) यात्री, पूर्णप्रसाद, (२०४१), भेटी लोकसाहित्य, काठमाडौं : ने.प्र.प्र. ।

१६) शर्मा, मोहनराज, (२०५५), समकालीन समालोचना :सिद्धान्त र प्रयोग, काठमाडौं : ने.प्र.प्र. ।

१७) शर्मा, मोहनराज र लुईटेल , खगेन्द्र प्रसाद ( २०६३) लोकवार्ता विज्ञान र लोकसाहित्य, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।